सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ चैत २०७९, सोमबार (10 April 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३५१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ समिट अपार्टमेन्ट घटना

विस्थापित घरपरिवारलाई तत्काल राहत दिन एक करोडको फन्ड

निर्माणको काम रोकियो



ललितपुरको बखुन्डोलस्थित समिट अपार्टमेन्ट निर्माणको क्रममा घर भासिएका पीडित, ललितपुर महानगरपालिका, ग्रिनविच होटेल र समिट होटेलबीच आइतबार सहमति भएको छ। सहमतिपत्रमा १२ बुँदा उल्लेख भए पनि मुख्य तीन विषयलाई प्राथमिकता दिइएको छ।

चौधरी ग्रुपका निर्देशक निर्वाण चौधरी, एनई ग्रुपका रविभक्त श्रेष्ठ, सञ्जय मानन्धरसहित चारजनाले प्रभावितलाई तत्काल बसोवासको व्यवस्थापन गर्न र ग्रिनविच होटेलसमेत भासिएकाले त्यहाँ काम गर्नेलाई खानबस्नको व्यवस्था गर्न एक करोडको आकस्मिक सहजीकरण कोष खडा गर्ने, ज-जसका घर चर्केका र भत्केका छन्, त्यसको निर्माण र मर्मत निर्माण कम्पनीले गर्ने र तत्काल बाँकी निर्माणको काम नगर्ने सहमति भएको छ।

(विस्तृत पृष्ठ ३)

डाक्टर बन्ने सपना र यथार्थबीचको अन्तर



अग्रलेख । ४

● प्रा.डा. गोविन्दमानसिंह कार्की

नयाँ सरकारी अस्पताल खोलिए पनि त्यहाँ स्थायी चिकित्सकको व्यवस्था नगर्ने र स्वास्थ्य क्षेत्रमा भएको लगानीलाई आर्थिक बोझ मान्ने सरकारी प्रवृत्ति गलत छ

सभामुख र राष्ट्रिय सभा अध्यक्षभन्दा उपसभामुख र उपाध्यक्षको तलब बढी

तलब मिलान गर्न पटक-पटक आग्रह गरेका छौं

● **एकराम गिरी**, प्रवक्ता, संसद् सचिवालय



सम्माननीयज्यूहरूको तलब मिलान गर्न सरकारसँग पटक-पटक पहल गरे पनि कुनै निर्णय भएको छैन। माथिल्लो तहबाट निर्णय नहुँदा त्यत्तिकै छ। दुई-तीन वर्षदेखि मिलाउन पहल गरिरहेका छौं। अहिले सुझाव आयोग बनेको छ। आउँदो आर्थिक वर्षदेखि मिलान हुने अपेक्षामा छौं।

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्का पदाधिकारीहरूको तलब असमान छ। सभामुख र राष्ट्रिय सभा अध्यक्षको तलब उपसभामुख र उपाध्यक्षको भन्दा कम छ। संसद् सचिवालयले त्यसलाई 'करेक्सन' गर्न चारपटक सरकारसँग आग्रह गरेको छ।

सभामुख र राष्ट्रिय सभा अध्यक्षले अहिले मासिक पारिश्रमिक ६७ हजार तीन सय २० रुपैयाँ बुझ्छन्। तर, उपसभामुख र उपाध्यक्षले ७२ हजार सात सय ३० पाउँछन्। सरकारले आर्थिक वर्ष ०७८/७९ मा सभामुख र राष्ट्रिय सभा अध्यक्षबाहेक संघीय संसद्का सबै पदाधिकारी र सदस्यको तलब बढाएको थियो। जसअनुसार उपसभामुख र उपाध्यक्षकै बराबरीमा प्रमुख प्रतिपक्षी दलको नेता, मुख्य सचेतकको तलब पुग्यो। विपक्षी दलका प्रमुख सचेतक, समितिका सभापति र सचेतकको पारिश्रमिक ६९ हजार ३० कायम गरियो। सांसदको तलब बढेर ६६ हजार ७० पुग्यो।

सरकारले ०७८ साउनदेखि लागू हुने गरी राज्यका विभिन्न पदाधिकारीको तलबमान बढाउने क्रममा सभामुख र राष्ट्रिय सभा

» पृष्ठ २ मा क्रमशः

■ संसद्का पदाधिकारी कसको तलब-सुविधा कति ?

सभामुख र राष्ट्रिय सभा अध्यक्ष

प्रतिमहिना (कम्तीमा) : रु. १,०६,०९५

तलब ६७,३२० । विशेष भत्ता १००० । सञ्चार ३००० । घरभाडा २८,२७५ । निजी सचिवालय बन्दोबस्त २००० । गाडीघर २००० । अतिथि सत्कार २५०० । बिजुली धारा बिलअनुसार । सवारी इन्धन २५० लिटर

प्रतिबैठक १०००, दैनिक भ्रमण भत्ता ३०००, फर्निचर (एकमुस्ट) १५,००० तथा प्रत्येक तीन महिनामा १० लिटर मोबिल। स्वकीय सचिव (प्रथम श्रेणी) १, द्वितीय श्रेणी १, तृतीय श्रेणी १, कम्प्युटर अप्रेटर १। सवारीचालक २, कार्यालय सहयोगी २, प्रिन्टरसहितको कम्प्युटर १, साइकल २, अंगरक्षक १, बिल्लादार गार्ड १, सैनिक जवान १०।

उपसभामुख, राष्ट्रिय सभा उपाध्यक्ष र विपक्षी दलको नेता

प्रतिमहिना : रु. १,०९,८३८

तलब ७२,७३० । विशेष भत्ता १००० । सञ्चार ३००० । घरभाडा २५,६०८ । निजी सचिवालय बन्दोबस्त १७५० । गाडीघर १७५० । अतिथि सत्कार २००० । बिजुली धारा २००० । सवारी इन्धन २३० लिटर

प्रतिबैठक १०००, दैनिक भ्रमण भत्ता २५००, फर्निचर खर्च (एकमुस्ट) १५,००० तथा प्रत्येक तीन महिनामा ५ लिटर मोबिल। स्वकीय सचिव (द्वितीय श्रेणी) १, कम्प्युटर अप्रेटर १, प्रिन्टरसहितको कम्प्युटर १, कार्यालय सहयोगी २, सवारीचालक २, दुई थान साइकल। अंगरक्षक पदिक १ र बिल्लादार गार्ड १, सैनिक जवान १०।

मुख्य सचेतक

प्रतिमहिना : रु. १,०९,८३८

तलब ७२,७३० । विशेष भत्ता १,००० । सञ्चार ३,००० । घरभाडा २५,६०८ । निजी सचिवालय बन्दोबस्त १,७५० । अतिथि सत्कार २,००० । बिजुली धारा २,००० । सवारी इन्धन २३० लिटर

प्रतिबैठक १०००, दैनिक भ्रमण भत्ता २५००, फर्निचर खर्च (एकमुस्ट) १५,००० तथा प्रत्येक तीन महिनामा पाँच लिटर मोबिल। सचिवालयतर्फ स्वकीय सचिव (द्वितीय श्रेणी) १, कम्प्युटर अप्रेटर १, सवारीचालक २, कार्यालय सहयोगी १, प्रिन्टरसहितको कम्प्युटर १, साइकल १।

विपक्षी दलका प्रमुख सचेतक तथा समिति सभापति

प्रतिमहिना : रु. १,०५,८३८

तलब ६९,०३० । विशेष भत्ता १,००० । सञ्चार ३,००० । घरभाडा २५,६०८ । निजी सचिवालय बन्दोबस्त १,७५० । गाडीघर १,७५० । अतिथि सत्कार १,७०० । बिजुली-धारा २,००० । सवारी इन्धन २०० लिटर

प्रतिबैठक १०००, दैनिक भ्रमण भत्ता २५००, फर्निचर खर्च (एकमुस्ट) १५,००० तथा प्रत्येक तीन महिनामा ५ लिटर मोबिल। स्वकीय सचिव (द्वितीय श्रेणी) १, कम्प्युटर अप्रेटर १, सवारीचालक २, कार्यालय सहयोगी १, प्रिन्टरसहितको कम्प्युटर १, साइकल १, अंगरक्षक प्रहरी सहायक निरीक्षक १, हेड प्रहरी कन्सटेबल १ र प्रहरी जवान ४।

सत्तापक्ष/विपक्षी सचेतक

प्रतिमहिना : रु. १,०१,९९८

तलब ६९,०३० । विशेष भत्ता १००० । सञ्चार ३००० । घरभाडा २४,२६८ । निजी सचिवालय बन्दोबस्त १,२०० । अतिथि सत्कार १५०० । बिजुली-धारा २००० । सवारी इन्धन १५० लिटर ।

प्रतिबैठक १०००, दैनिक भ्रमण भत्ता २५००, फर्निचर खर्च (एकमुस्ट) १५,००० तथा प्रत्येक तीन महिनामा ५ लिटर मोबिल। स्वकीय सचिव (द्वितीय श्रेणी) १, सवारीचालक २, कार्यालय सहयोगी १, साइकल १।

सांसद

प्रतिमहिना : रु. ९१,०७०

तलब ६६,०७० । विशेष भत्ता १,००० । सञ्चार ३,००० । घरभाडा १८,००० । अतिथि सत्कार १,००० । बिजुली-धारा २,०००

प्रतिबैठक १०००, बैठक बसेको दिन यातायात १०००, दैनिक भ्रमण भत्ता २५००, फर्निचर खर्च (एकमुस्ट) १५,०००। स्वकीय सचिव (तृतीय श्रेणी) १।

> राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्षको तलब-सुविधा वृद्धि प्रस्ताव मन्त्रिपरिषद्मै

■ सत्तापक्षमा हुँदा पनि देउवालाई विपक्षी दलको नेताको सुविधा



सरकारलाई समर्थन गरेको दुई महिनाभन्दा धेरै अवधिको प्रमुख प्रतिपक्षी दलको नेताको सुविधा काङ्ग्रेस सभापति शेरबहादुर देउवाले पाउने भएका छन्। रकम निकासा नगरे पनि संघीय संसद् सचिवालयले यसको निर्णय गरिसकेको छ। महासचिव भरतराज गौतमले निर्णय लिनुअघि सभामुख देवराज घिमिरेसँग परामर्श गरेका थिए।

संघीय संसद् सचिवालयका महासचिव गौतमले २५ पुसदेखि ४ चैतसम्म काङ्ग्रेस विपक्षी दलको बेन्चमा बसेकाले त्यस अवधिसम्म देउवालाई विपक्षी दलको नेताको हैसियतमा सुविधा दिने निर्णय गरेका हुन्। मन्त्रिपरिषद्मा सहभागी नभए पनि त्यतिखेर काङ्ग्रेसले सरकारलाई समर्थन गरेको थियो जुन नैतिक नभएको भन्दै काङ्ग्रेसको आलोचना पनि भएको थियो।

सरकारलाई विश्वासको मत दिएको दल सत्तापक्ष हुने भन्दै नेमकिपा र जनमोर्चाले विपक्षी दलमा दाबी गर्दै सर्वोच्च अदालतमा मुद्दासमेत दायर

» पृष्ठ २ मा क्रमशः

बाटो खुल्यो ब्रोकर लाइसेन्स र नयाँ स्टक एक्सचेन्जको

सर्वोच्चले बाटो खोलिदिएपछि केही दिनमै नयाँ स्टक एक्सचेन्ज र कमोडिटी एक्सचेन्जका लागि पुनः नयाँ आवेदन खुला गर्ने धितोपत्र बोर्डको तयारी

पुँजीगत खर्च गर्न ऋणमा निर्भर हुनुपर्ने बाध्यता छ : अर्थमन्त्री

प्रकाशशरण महत, अर्थमन्त्री



साधारण खर्चलाई संयमित ढंगले उपयोग गर्ने नीति सरकारले लिनेछ। अप्ठ्यारोहरू गम्भीर छन्, तर हामी समाधान गर्छौं। अर्थतन्त्रलाई सकारात्मक दिशामा फर्काउन हामी लागिरहेका छौं।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आगलागीबाट रौतहटमा २२ घर जले

डेढ घन्टापछि मात्रै दमकल पुग्दा क्षति बढ्यो





तस्बिर सौजन्य : प्रशान्त मुखिया

नयाँ पत्रिका

रौतहटको माधवनारायण नगरपालिका- ४ मानपुरको बिसुनपुर्वा गाउँमा आगलागी हुँदा १५ परिवारका २२ घर-टहरा जलेका छन्। आगलागी भएको डेढ घन्टापछि मात्रै दमकल पुग्दा धेरै घरमा क्षति पुगेको हो।

मानपुरका वडाध्यक्ष रामदेनी मुखियाका अनुसार स्थानीय बद्री भगत मालीको घरबाट आइतबार दिउँसो डेढ बजे सल्किएको आगो बस्तीभर फैलिएको थियो। त्यतिखेर यस क्षेत्रमा हावाहुरी पनि चलेको थियो।

आगलागीमा पाँच बाख्रा, घरभित्र रहेको खाद्यान्न, लत्ताकपडा, नगद र गरगहना जलेका छन्। बालकेसी देवीको दुई लाख, हरेसी मुखियाको तीन लाख र महेसी मुखियाको ६३ हजार गरी पाँच लाख ६३

» पृष्ठ २ मा क्रमशः

फैसलाको १० वर्षपछि खुमबहादुर खड्काको घरजग्गा जफत हुँदै

सानेपास्थित डेढ रोपनी जग्गा र त्यसमा बनेको घर जफत हुने

● **फणीन्द्रमणि पोखरेल**, महानिर्देशक, कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग



अदालतबाट फैसला कार्यान्वयनका लागि फाइल आएको छ। खुमबहादुर खड्कालगायत भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका धेरैको सम्पत्ति जफतसम्बन्धी फैसला कार्यान्वयन अघि बढेको छ।

नवराज मैनाली/नयाँ पत्रिका

सरकारले भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका काङ्ग्रेसका दिवंगत नेता खुमबहादुर खड्काको घरजग्गा जफत प्रक्रिया अघि बढाएको छ। ललितपुरको सानेपास्थित डेढ रोपनी जग्गा र त्यसमा बनेको घरलगायत सम्पत्ति जफत हुन लागेको हो।

गृह मन्त्रालयअन्तर्गतको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले १० वर्षअघिको सर्वोच्च अदालतको फैसलाअनुसार खड्काको सम्पत्ति जफत गर्न लागेको हो। विभागका अनुसार एक रोपनी ६ आना एक पैसा एक दाम जग्गा र घर तथा ललितपुरकै अर्को जग्गा पनि आंशिक रूपमा जफत प्रक्रिया अघि बढेको छ। ३० साउन ०६९ मा सर्वोच्चले अकुत सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा पूर्वमन्त्री खड्कालाई दोषी ठहर गर्दै ९४ लाख जरिवाना र एक वर्ष ६ महिना कैद सजाय सुनाएको थियो। फैसलाको पाँच वर्षपछि ०७४ मा खड्काको निधन भएको थियो।

सो फैसलामा जरिवाना र कैदसँगै स्रोत नखुलेको चल-अचल सम्पत्ति जफत गर्ने उल्लेख भएकोमा सोहीअनुसार फैसला कार्यान्वयन अघि बढेको हो। 'अदालतबाट फैसला कार्यान्वयनका लागि फाइल आएको छ,' विभागका महानिर्देशक फणीन्द्रमणि पोखरेलले भने, 'खुमबहादुर खड्कालगायत भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका धेरैको सम्पत्ति जफतसम्बन्धी फैसला कार्यान्वयन अघि बढेको छ।

सानेपाको घरजग्गाबाहेक ललितपुरकै अर्को जग्गाबाट थप २० लाखबराबरको सम्पत्ति पनि जफत हुने फैसला भएको छ। तर, त्यसमा २० लाखको हिसाब कसरी गर्ने भन्नेमा सरकारी अधिकारी समस्यामा परेका छन्। सामान्यतया अनुसन्धानको अवधिको २० लाख भनेर बुझिने भए पनि फैसलामा प्रस्ट नहुँदा थप सम्पत्ति जफतमा अन्योल देखिएको छ।

अकुत आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा स्रोत पुष्टि हुन नसकेको उक्त सम्पत्ति र त्यसबाट बढाएको सम्पत्तिसमेत जफत हुने प्रावधान छ।

» पृष्ठ २ मा क्रमशः

> पुरानो फैसला कार्यान्वयन गर्दै कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग



अदालतबाट विभिन्न मुद्दामा वर्षौंअघि फैसला भए पनि त्यसको कार्यान्वयन हुन सकेको थिएन। जसबाट दोषी ठहर भएका पक्षले फाइदा लिँदै आएका थिए। १ कात्तिक ०७८ मा स्थापना भएको विभागले पुराना फैसलाको विवरण झिकाएर कार्यान्वयन अघि बढाएको छ। यद्यपि, जनशक्ति अभावका कारण फैसला कार्यान्वयन योजनाअनुसार छिटो हुन नसकेको विभागका महानिर्देशक फणीन्द्रमणि पोखरेल बताउँछन्।

पूर्वकर्मचारीको पनि सम्पत्ति जफत हुँदै

विभागले आन्तरिक राजस्व विभागका पूर्वनिर्देशक (उपसचिव) मुरारीबहादुर कार्कीको सिनामंगलस्थित १० आना तीन पैसा जग्गा र त्यसमा बनेको घर पनि जफतको प्रक्रिया अघि बढाइसकेको छ। उनलाई २ असार ०६९ मा सर्वोच्चले भ्रष्टाचारमा दोषी ठहर गरेको थियो। त्यस्तै, जल उत्पन्न प्रकोप नियन्त्रण विभागका पूर्वमहानिर्देशक आमोदानन्द मिश्रको लाजिम्पाटस्थित घर जफत हुँदै छ। आठ आना दुई पैसा जग्गामा बनेको घर अझै खाली हुन सकेको छैन। अकुत सम्पत्ति आर्जनको अभियोगमा मिश्रलाई २ फागुन ०७३ मा सर्वोच्चले दोषी ठहर गरेको थियो।

त्यस्तै, पूर्वनासु केदारनाथ ढुंगानाको परिवारको नाममा रहेको करोडौंको सम्पत्ति पनि सरकारको नाममा जाने प्रक्रियामा छ। २२ जेठ ०७४ मा सर्वोच्चले उनको ललितपुरस्थित एक रोपनी जग्गा, चितवनको भरतपुरस्थित एक रोपनी जग्गा र त्यसमा बनेको घर तथा ललितपुरमा रहेको घर आंशिक रूपमा जफत हुने फैसला गरेको थियो। जुन फैसला बल्ल कार्यान्वयनमा जाँदै छ।

विभागले सडक विभागका पूर्वमहानिर्देशक आनन्दप्रसाद खनालको भक्तपुरस्थित चार रोपनी एक आना जग्गा पनि हालै आफ्नो नाममा ल्याइसकेको छ। खनालको परिवारको नाममा काभ्रेलगायत ठाउँमा रहेको थप जग्गा जफत हुने क्रममा छ। करिब २० वर्षअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोग सक्रिय हुँदा दायर भएका अकुत सम्पत्ति आर्जनसम्बन्धी मुद्दामा दोषी ठहर भएकाको सम्पत्ति हालै जफत हुन थालेको हो। पछिल्लो समय आयोगबाट उच्चपदस्थमाथि अनुसन्धान गर्न सकेको छैन भने दायर भएका केही मुद्दामा पनि धेरैजसोले सफाइ पाइरहेका छन्।

गुणस्तर मापनविना नै प्रयोगमा स्यानिटरी प्याड

मञ्जु टेलर/नयाँ पत्रिका



गुणस्तर नभएका प्याड प्रयोग गर्दा महिलामा यौनजन्य संक्रामक रोग फैलिन सक्ने भए पनि सरकारले प्याडको गुणस्तर मापनमा वास्ता नै गरेको छैन। विदेशबाट आयात हुने स्यानिटरी प्याडको गुणस्तर जाँच आवश्यक नभएको भन्दै सीधै भित्र्याइन्छ भने स्वदेशी उत्पादनको हकमा उत्पादक कम्पनीले नै निवेदन दिए मात्रै गुणस्तर मापन गरिन्छ। स्वदेशी उत्पादकले विदेश निर्यात गर्नुपर्ने हकमा (विदेशमा गुणस्तर खोज्ने भएकाले) मात्रै गुणस्तर मापनका लागि निवेदन दिन्छन्।

'प्याड अनिवार्य गुणस्तर मापनभित्र पर्दैन। स्वदेशी कम्पनीको हकमा यदि कुनै कम्पनीले नेपाल स्ट्यान्डर्डका लागि निवेदन दिएमा विभागले गुणस्तर मापन गर्छ। तर, प्याड विभागको अनिवार्य गुणस्तर मापनअन्तर्गत भने राखिएको छैन,' गुणस्तर मापन विभागका प्रवक्ता सञ्जीवकुमार ठाकुरले भने, 'यसबाहेक, स्थानीय सरकारहरूले आफ्नो आवश्यकता र मापदण्डअनुसार खरिद गर्ने र प्रयोगमा ल्याउन सक्छन्।'

भन्सार विभाग पनि गुणस्तरको चिह्न भएको वा प्रयोगशाला परीक्षण भएर आएका वस्तु आयात गर्दा मात्रै चेकजाँच गर्ने भएकाले प्याड सीधै भित्रिने गरेको जनाउँछ। 'गुणस्तरको चिह्न भएका वा प्रयोगशाला परीक्षण भएर आयात भएका वस्तुको मात्रै भन्सारमा चेकजाँच हुन्छ,' भन्सार विभागका प्रवक्ता पुण्यविक्रम खड्काले भने, 'प्याड सीधै आयात हुने गरेको छ।'

पछिल्लो समय सुरक्षित महिनावारीका लागि बजारमा पाइने प्याडको प्रयोग बढे पनि गुणस्तरमा बेवास्ता गर्दा संक्रमणजन्य रोगको जोखिम बढिरहेको चिकित्सकहरूको चिन्ता छ। महिनावारीमा सरसफाइको कमी र रगत सोस्न

» पृष्ठ २ मा क्रमशः

स्वदेशमा उत्पादित प्याड निर्यात, महँगोमा आयात

हाल बजारमा झन्डै ७० प्रतिशत आयातित स्यानिटरी प्याड प्रयोग भइरहेको छ। हाल देशभर करिब ४० वटा कम्पनीले स्यानिटरी प्याड उत्पादन गरे पनि विदेशबाट आयातित प्याडको माग घटेको छैन। नेपालमा उत्पादित प्याड भने विदेश निर्यात हुने गरेको छ। नेपाल स्यानिटरी प्याड तथा डाइपर उत्पादक संघका अध्यक्ष डोलराज अधिकारीका अनुसार हाल सञ्चालनमा रहेका उद्योगबाट दैनिक ६७ लाख पिस प्याड उत्पादन हुने भए पनि दैनिक ३० लाखको हाराहारीमा मात्रै खपत हुन्छ।

सञ्जीवकुमार ठाकुर
प्रवक्ता, गुणस्तर मापन विभाग



प्याड अनिवार्य गुणस्तर मापनभित्र पर्दैन। स्वदेशी कम्पनीको हकमा यदि कुनै कम्पनीले नेपाल स्ट्यान्डर्डका लागि निवेदन दिएमा विभागले गुणस्तर मापन गर्छ। तर, प्याड विभागको अनिवार्य गुणस्तर मापनअन्तर्गत भने राखिएको छैन। यसबाहेक, स्थानीय सरकारहरूले आफ्नो आवश्यकता र मापदण्डअनुसार खरिद गर्ने र प्रयोगमा ल्याउन सक्छन्।

पुण्यविक्रम खड्का, प्रवक्ता, भन्सार विभाग



गुणस्तरको चिह्न भएका वा प्रयोगशाला परीक्षण भएर आयात भएका वस्तुको मात्रै भन्सारमा चेकजाँच हुन्छ। प्याड सीधै आयात हुने गरेको छ।

डा. सन्देश पौडेल, प्रसूतिरोग विशेषज्ञ



विशेषगरी सरसफाइको कमीका कारण संक्रमण फैलिन्छ, अर्थात् प्याडजन्य वस्तु सुरक्षित नहुँदा यसको असर प्रजनन स्वास्थ्यमा पर्छ। पछिल्लो समय स्कुले बालिकासमेत योनिमा संक्रमणको समस्या लिएर अस्पतालसम्म पुग्ने गरेका छन्। संक्रमणका कारणमध्ये प्याडजन्य वस्तुको गुणस्तर पनि मुख्य कारण देखिने गरेको छ।

फैसलाको १० वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

अदालतको फैसलामा भनिएको थियो, 'रु. ९४,७४,१२२.१३ बराबरको चल-अचल सम्पत्ति गैरकानुनी रूपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) अन्तर्गतको कसुर गरेको ठहर्छ। सो ठहर्नाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) अनुसार बिगो र कसुरको मात्रा विचार गरी एक वर्ष कैद र बिगोबमोजिम रु. ९४,७४,१२२.१३ जरिवाना तथा स्रोत पुष्टि हुन नसकेको उक्त सम्पत्ति र दफा ४७ बमोजिम सोबाट बढे-बढाएको सम्पत्तिसमेत जफत भई प्रतिवादीले मन्त्री र सांसदको पदमा रहेको समयमा कसुर गरेको भन्ने देखिँदा दफा २४ बमोजिम थप ६ महिना कैद हुने ठहर्छ।'

फैसलाको ६० दिनभित्र अदालतमा उपस्थित भएकाले त्यसमा उनले २० प्रतिशत सजाय छुट पाएका थिए। अदालतले शिला शर्मा खड्काका नामको एभरेस्ट बैंकमा रहेको २५ लाख पनि जफत गर्ने फैसला गरेको थियो। त्यस्तै, शिलाकै नाममा ललितपुरको तत्कालीन २ नम्बर वडास्थित कित्ता नम्बर २४९ मा रहेको एक रोपनी ६ आना एक पैसा एक दाम जग्गा पनि स्रोत नखुलेको भन्दै जफत गर्न भनेको थियो। अनुसन्धानको समयमा सो मुद्दाको लिखत मूल्य २० लाख ९२ हजार थियो। जसको अहिलेको बजारमूल्य ३० करोड रुपैयाँभन्दा धेरै पर्छ। त्यतिबेलाको मूल्यअनुसारको थप २० लाखको जग्गा जफत गर्ने फैसला भएकाले त्यसअनुसार अहिलेको मूल्यअनुसार उनको करिब ५० हजारबराबरको सम्पत्ति जफत हुने कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका एक अधिकारी बताउँछन्। ललितपुर- २ मै रहेको कित्ता नम्बर १०७ को एक रोपनी ६ आना तथा कित्ता नम्बर १८६ को एक आना एक पैसा जग्गामध्ये घरबाहेकको जग्गाबाट २० लाख ५६ हजार नौ सय ८७ रुपैयाँबराबरको भागहिस्सा जफतको फैसला भएको थियो। उनको बा.रच.९५५५ नम्बरको मित्सुबिसी प्राडो गाडी तथा ३३ तोला सुन र दुई किलो ९३० ग्राम चाँदी भने जफत भइसकेको छ।

४ कात्तिक ०५९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो। विशेषले २९ कात्तिक ०६३ मा सफाइ दिएकोमा सर्वोच्च अदालतले सो फैसला उल्ट्याउँदै उनलाई दोषी ठहर गरेको थियो।

रास्वपा सांसद ढाकाकुमार श्रेष्ठ पार्टीबाट निलम्बित

काठमाडौं / आर्थिक लेनदेनको विवादास्पद टेलिफोन संवाद सार्वजनिक भएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले एक सांसदलाई तत्कालका लागि पार्टीबाट निलम्बन गरेको छ। मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँगको विवादास्पद टेलिफोन संवाद सार्वजनिक भएपछि रास्वपाले समानुपातिक सांसद डा. ढाकाकुमार श्रेष्ठलाई छानबिन पूरा नभएसम्मका लागि निलम्बन गरेको हो। रास्वपाले भ्रष्टाचारविरुद्ध संघर्ष गर्ने उद्घोष गर्दै आएको छ।

रास्वपा महामन्त्री मुकुल ढकालका अनुसार विवादित संवाद बाहिरिएपछि सांसद श्रेष्ठलाई निलम्बन गरेको बताए। सत्यतत्य छानबिन गरी तीन दिनभित्र केन्द्रीय कमिटीमा प्रतिवेदन पेस गर्न केन्द्रीय अनुशासन तथा आचरण समितिलाई निर्देशन दिएको ढकालले बताए।

'यो छानबिन पूरा नभएसम्मका लागि सांसद तथा पार्टीको साधारण सदस्यका हैसियतले समेत कुनै पनि काम-कारबाही नगर्न-नगराउनसमेत श्रेष्ठलाई निर्देशन दिइएको छ,' ढकालले जारी गरेको विज्ञप्तिमा छ, 'केन्द्रीय अनुशासन तथा आचरण समितिद्वारा यस सम्बन्धमा २४ घन्टाभित्र स्पष्टीकरण पेस गर्न श्रेष्ठलाई निर्देशन दिइएको छ।'

पार्टी सभापति रवि लामिछानेले सांसद श्रेष्ठको विवादास्पद टेलिफोन संवादबारे छानबिन गर्न आफू स्वयंले प्रहरी प्रशासन र अख्तियारमा निवेदन दिने बताएका छन्। उपनिर्वाचनको प्रचारप्रसारमा बाराको गढीमाई पुगेका सभापति लामिछानेले ७२ घन्टाको अल्टिमेटम दिएको र थप अनुसन्धानका लागि प्रहरी र अख्तियारमा निवेदन दिने बताएका थिए। 'पार्टीभित्र छानबिन हुँदै छ, त्यसबीचमा सांसद श्रेष्ठलाई कानुनी कारबाहीमा ल्याउन अनुसन्धानका लागि प्रहरी प्रशासन र अख्तियारमा निवेदन दिनेछौं,' उनले भने।

श्रेष्ठले मेडिकल व्यवसायी प्रसाईंसँग दुई करोड रुपैयाँ मागेको विवादास्पद टेलिफोन संवाद आइतबार सार्वजनिक भएको थियो। अडियोमा श्रेष्ठले प्रसाईंसँग मिलेर स्वास्थ्य क्षेत्र सुधार्न काम गर्न चाहेको भन्दै पैसाको 'डिल' गरेका छन्। अडियोमा श्रेष्ठले तत्कालीन सातदलीय गठबन्धनको सरकारमा आफ्नो पार्टीले स्वास्थ्य मन्त्रालय पाउने र मन्त्री बन्नका लागि नेताहरूले साढे दुई करोड मागेको प्रसाईंसँग बताएका छन्।

गृहमन्त्री श्रेष्ठको संसद् सचिवालयमा त्रुटिपूर्ण विवरण

काठमाडौं / संसद् सचिवालयको रेकर्डमा उपत्यकामा घर भएका र मासिक मर्मत सम्भार सुविधा बुझ्ने सांसदहरूको सूचीमा माओवादीका नारायणकाजी श्रेष्ठको नाम पनि छ। तर, उनको उपत्यकामा घर छैन्, संसद सचिवालयका कर्मचारीको असावधानीले उनको नाम 'घर भएको' सूचीमा 'इन्ट्री' भएको छ।

सांसद निर्वाचित भएपछि श्रेष्ठले आफ्नो घर नभएको भनेरै सांसद सुविधा व्यवस्थापन शाखामा विवरण टिपाएका थिए। तर, ४ मंसिरको प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचनपछि लेखाले विवरण अद्यावधिक गर्दा सांसद श्रेष्ठको 'घर रहेको' भनेर 'इन्ट्री' गऱ्यो। त्यही सूचना सचिवालयले नयाँ पत्रिकालाई उपलब्ध गराएको थियो।

लेखा शाखाबाट भएको तथ्यगत त्रुटिमा संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले कार्यसम्पादनका क्रममा कर्मचारीबाट कमजोरी भएको र यसलाई सच्याइने बताए। 'पहिलाको विवरण ठीकै थियो। नयाँ सिस्टम आएपछि इन्ट्री गर्दा प्राविधिक त्रुटिले फरक पर्न गएछ। भएका कमी-कमजोरीलाई सचिवालयले सच्याउँछ,' उनले भने। तथ्यगत त्रुटि भएपछि प्रवक्ता गिरीले लेखा शाखाका अधिकारीलाई बोलाएर सच्याउन निर्देशनसमेत दिएका छन्।

गृहमन्त्रीको सचिवालयले पनि श्रेष्ठको काठमाडौंमा आफ्नो घर नभएको, यसअघि घर भाडामा लिएर बसिरहेको र अहिले मन्त्री भएपछि सरकारी आवासमा बसिरहेको जनाएको छ।

मर्मत सुविधा निर्वाचन क्षेत्रमा खर्च गर्छन् सांसद बजगाईं

काठमाडौंमा घर भएका गोरखा १ बाट निर्वाचित काग्रेस सांसद राजेन्द्र बजगाईंले मर्मतसम्भारबापत प्रत्येक महिना पाउने नौ हजार रुपैयाँ आफ्नो निर्वाचन क्षेत्रको काममा खर्च गर्दै आएका छन्। घर मर्मतसम्भारबापत प्रत्येक महिना नौ हजार बुझिरहेको समाचार प्रकाशित भएपछि सांसद बजागाईंले आफ्ना आममतदाताको सेवामा खर्च गरिरहेको दाबी गरेका छन्। 'मैले आफ्नो पारिश्रमिक तथा मासिक घर मर्मतबापत पाउँदै आएको सुविधा विपत्मा परेका आफ्नो क्षेत्रभित्रका आममतदाताको सेवामा खर्च गर्दै आएको छु,' उनले भने। बजगाईंको सचिवालयले आइतबार विज्ञप्ति जारी गरेर संसद् सचिवालयबाट उपलब्ध गराउँदै सम्पूर्ण पारिश्रमिक, भत्ता तथा आवास सुविधाअन्तर्गतको रकम क्षेत्र नम्बर १ गोरखाका विपत्मा परेका नागरिकको उद्धारका लागि खर्च गर्ने घोषणा गरेको जानकारी गराएको छ।

गुणस्तर...

पृष्ठ १ बाट क्रमशः

प्रयोगमा ल्याइने कपडा वा प्याड गुणस्तरहीन हुँदा योनिमा संक्रमण देखिने, समयमै उपचार नहुँदा संक्रमण पाठेघरसम्म फैलिने, सेतो पानी बग्ने र पाठेघरमा समस्या निम्तिँदा प्रजनन स्वास्थ्यमै असर पर्ने प्रसूतिरोग विशेषज्ञ डा. सन्देश पौडेल बताउँछन्।

'विशेषगरी सरसफाइको कर्मीका कारण संक्रमण फैलिन्छ, अर्थात् प्याडजन्य वस्तु सुरक्षित नहुँदा यसको असर प्रजनन स्वास्थ्यमा पर्छ,' उनले भने, 'पछिल्लो समय स्कुले बालबालिकासमेत योनिमा संक्रमणको समस्या लिएर अस्पतालसम्म पुग्ने गरेका छन्। संक्रमणका कारणमध्ये प्याडजन्य वस्तुको गुणस्तर पनि मुख्य कारण देखिने गरेको छ।'

महिलाको स्वास्थ्यमा प्रत्यक्ष असर गर्न सक्ने भए पनि गुणस्तरमा स्वदेशी र विदेशी कम्पनीले बेवास्ता गरिरहेका छन्। प्याडबारे जनचेतना फैलाउँदै आएका प्याडम्यान नामले परिचित ज्ञान महर्जन नियमन गर्ने निकाय नहुँदा बजारमा मापदण्ड पूरा नभएका प्याड छ्यापछ्याप्ती भेटिने गरेको बताउँछन्।

सभामुख र...

पृष्ठ १ बाट क्रमशः

अध्यक्षबाहेक संघीय संसद्का पदाधिकारी तथा सदस्यको पारिश्रमिकमा हेरफेर गर्दा असमान भएपछि सच्याउन गृहकार्य भयो। पूर्वमुख्यसचिव लीलामणि पौडेलको अध्यक्षतामा उच्चस्तरीय तलब-सुविधा आयोग गठन गरियो। आयोगले २१ फागुनमा सरकारलाई प्रतिवेदन बुझाउँदै समयसापेक्ष र वरीयताक्रमअनुसारको न्यायोचित तलबमान सिफारिस गरेको छ। तर, उक्त प्रतिवेदन कार्यान्वयनमा नआउँदा सभामुख र अध्यक्षभन्दा उपसभामुख र उपाध्यक्षसहित अन्य पदाधिकारीको सुविधा बढी भई असमानता कायमै छ।

संसद् सचिवालयले असमान तलबमान मिलाउन महासचिवस्तरीय निर्णयबाट अर्थ मन्त्रालयलाई पटक-पटक ताकेता गरे पनि सुनुवाइ नभएको प्रवक्ता एकराम गिरीले बताए। 'सम्माननीयज्यूहरूको तलब मिलान गर्न सरकारसँग पटक-पटक पहल गरे पनि कुनै निर्णय भएको छैन। माथिल्लो तहबाट निर्णय नहुँदा त्यत्तिकै छ। दुई-तीन वर्षदेखि मिलाउन पहल गरिरहेका छौं। अहिले सुझाव आयोग बनेको छ। आउँदो आर्थिक वर्षदेखि मिलान हुने अपेक्षामा छौं,' उनले भने। असमान तलब भए पनि आलोचना हुने डरले सभामुख र अध्यक्षले यो विषयमा आफैं बोल्न गाह्रो मानेको सचिवालयका कर्मचारीहरू बताउँछन्।

पाँच विशिष्ट पदाधिकारीको तलब बढाउने प्रस्ताव मन्त्रिपरिषद्मै

मन्त्रिपरिषद्ले ३१ भदौ ०७६ मा गठन गरेको विशिष्ट पदाधिकारीको तलब, भत्ता र सुविधा सम्बन्धमा अध्ययन गर्न गठित समितिले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्षको तलब-सुविधा वृद्धि प्रस्ताव प्रधानमन्त्री कार्यालयमा पेस गरेको थियो। प्रधानमन्त्री कार्यालयका तत्कालीन सचिव (हाल अवकाश) लक्ष्मण अर्याल नेतृत्वको समितिले गत साउनको दोस्रो साता प्रतिवेदन पेस गरे पनि आर्थिक मन्दीका कारण सरकारले कुनै निर्णय लिएको छैन।

समितिले राष्ट्रपतिको तलब दुई लाख ५० हजार, उपराष्ट्रपतिको एक लाख ५० हजार, प्रधानमन्त्रीको एक लाख १० हजार तथा सभामुख र राष्ट्रिय सभाका अध्यक्षको ९५ हजार कायम गर्ने उपयुक्त हुने सुझाव दिएको थियो। समितिले कर्मचारीको पछिल्लो तीन वर्षको तलब वृद्धि (०७६ मा १६ प्रतिशत, ०७८ मा दुई हजार र ०७९ मा १५ प्रतिशत) लाई आधार मानेर तलब बढाउन प्रस्ताव गरेको थियो

सत्तापक्षमा...

पृष्ठ १ बाट क्रमशः

गरेका थिए। अधिवक्ता विमल पोखरेलले दायर गरेको रिटमा सर्वोच्चले २५ माघमा कारण देखाऊ आदेश जारी गर्दै सभामुखलगायत विपक्षीसँग लिखित जवाफ माग गरेको थियो। २३ फागुनमा सर्वोच्चलाई जवाफ दिँदै सभामुख देवराज घिमिरेले विपक्षी दलको नेता तोक्ने विषय संसद्को विशेषाधिकार भएको दाबी गरेका थिए। अदालतले कारण देखाऊ आदेश जारी गरेको मुद्दा अहिले पनि विचाराधीन छ।

४ मंसिरको चुनावबाट संसद्को पहिलो दल बने पनि सत्तासमीकरण बदलिँदा २५ पुसदेखि अधिवेशन सुरु भएको प्रतिनिधिसभामा काग्रेस प्रमुख प्रतिपक्षीको बेन्चमा बसेको थियो। तर, २६ पुसमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएपछि काग्रेसको विपक्षी भूमिकामा प्रश्न उठेको थियो। काग्रेसले विश्वासको मत दिए पनि आफू प्रमुख प्रतिपक्षी नै रहेको जिकिर गर्दै विपक्षी बेन्चमा बसेको थियो।

यसबीचमा राष्ट्रपति निर्वाचनअगाडि सत्तासमीकरण बदलियो र काग्रेस सत्तागठबन्धनमा जोडियो। संसद्को दोस्रो ठूलो दल एमाले १५ फागुनमा सरकार छोडेर विपक्षी बेन्चमा पुग्यो। तैपनि काग्रेसले प्रमुख प्रतिपक्षी बेन्च छोडेन। सरकारमा सहभागी नहुँदासम्म प्रमुख विपक्षी नै हुने दाबी गरिरह्यो। प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिनुअगाडि ५ चैतमा मात्रै सरकारमा सहभागी हुने निर्णय गर्दै काग्रेस सत्तापक्ष बेन्चमा सरेको थियो। एमालेले १७ फागुनबाट प्रमुख प्रतिपक्षी दाबी गरे पनि संसद् सचिवालयले ४ चैतसम्म विपक्षी बेन्चमा बसेको काग्रेसलाई प्रमुख प्रतिपक्षीको सुविधा दिने र ५ चैतबाट एमालेलाई प्रमुख विपक्षी तोक्ने निर्णय गऱ्यो।

सरकारमा सहभागी हुने निर्णयलगत्तै देउवाले ४ चैतसम्म विपक्षी दलको हैसियतमा सुविधा माग गरेर सचिवालयमा निवेदन दिएका थिए। विपक्षी दलको नेताले पाउने कर्मचारी नियुक्त गरेर उनीहरूलाई ४ चैतसम्मको सेवा-सुविधा उपलब्ध गराउन निवेदनमार्फत माग गरेका थिए। सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार निर्णयबमोजिम देउवालाई सुविधा निकासा गर्न लेखा शाखालाई निर्देशन दिइसकिएको छ।

आगलागीबाट...

पृष्ठ १ बाट क्रमशः

हजार नगद जलेको छ। उनीहरूका छोरा वैदेशिक रोजगारमा जाने तयारीमा थिए, त्यही भएर ऋण लिएर नगद राखेका थिए।

'दिउँसो खाजाका लागि रोटी पकाउन आगो बाल्दा आगो सल्किएको हो, जलेकामध्ये सबैजसो फुसका घर छन्,' वडाध्यक्ष मुखियाले भने, 'आगो सल्किएपछि घरबाट केही पनि झिक्न पाएनौं, मान्छे बाँचे त्यही ठूलो कुरा हो।' आगलागी भएको डेढ घन्टापछि मात्रै सदरमुकाम गौर र चन्द्रनिगाहपुरबाट दमकल पुगेका थिए।

बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रकाशन मिति २०७९/१२/२७

यस कार्यालयबाट प्रकाशित सूचना अनुसारका तपशिलको कार्यमा तपशिलका बोलपत्रदाताको बोलपत्र प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि.नं.	ठेक्का नं.	खरिद कार्यको विवरण	स्वीकृत व्यवसायीको नाम	कबोल अङ्क रु.
1	BMO/NCB/Work-12/2079/080	५ नं. वडा कार्यालय भवन निर्माण	बढीमालिका कन्स्ट्रक्शन, कोहलपुर, बाँके	८४९८३४५.९८
2	BMO/NCB/Work-11/2079/080	बेलवावज्जा - पदनाहा सडक स्तरोन्नती	मनकामना स मिल तथा फर्निचर उद्योग, मनकामना निर्माण सेवा, बारबर्दिया-४, बर्दिया	१२२६५९०.०७

प्रमुख प्रशासकीय अधिकृत

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, मेरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४४७४५/०७६/०७७, स्थानीय व्यापार, अन्तर्गत मिति २०७६/०८/२१ मा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ४ स्थित **नव पन्त इन्टरप्राईजेज** **प्रोप्राईटर तथा जमानीकर्ता : सुजीता पन्थी**	१) घनेश्वर प्रसाद उपाध्यायकी छोरी, लेख बहादुर पन्तकी बुहारी, आदर्श पन्तकी पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १ बस्ने सुजिता पन्थीको नाममा मालपोत कार्यालय, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. २३ र ४४ को क्षेत्रफल क्रमशः ४१४.२५ र ४२.८० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) नव पन्त इन्टरप्राईजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	जमानीकर्ताको विवरण	
	१) सुजीता पन्थी स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १ बाबु : घनेश्वर प्रसाद उपाध्याय ससुरा : लेख बहादुर पन्त पति : आदर्श पन्त	**२) आदर्श पन्त** स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, स्वरेलथोक गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १ बाबु : लेख बहादुर पन्त
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	नेपाल सरकार, वाणिज्य मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय सुनसरीमा, प्रा.फ.नं. ३२०४३/०७१/०७२ अन्तर्गत मिति २०७२/०९/२७ मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ४ स्थित **मादेन ट्रेडर्स एण्ड सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: चित्रमाया लिम्बु** स्थायी ठेगाना : झापा जिल्ला गरामति गा.वि.स., वडा नं. ७ हालको ठेगाना : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ४ बाबु : दिल बहादुर लिम्बु ससुरा : बिर्समान मादेन पति : देवराज मादेन	**देवराज मादेन** स्थायी ठेगाना : झापा जिल्ला गरामति गा.वि.स. वडा नं. ७ हालको ठेगाना : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ४ बाबु : बिर्समान मादेन बाजे : आशा बहादुर लिम्बु
	धितोको विवरण	
	१) दिल बहादुर लिम्बुकी छोरी, बिर्समान मादेनकी बुहारी, देवराज मादेनकी पत्नी, झापा जिल्ला गरामति गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ४ मा बस्ने चित्रमाया लिम्बुको नाममा मालपोत कार्यालय सुनसरीको लगातमा दर्ता कायम रहेको सुनसरी जिल्ला, ईटहरी गा.वि.स. वडा नं. ४/घ (हाल ईटहरी न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६२२ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) मादेन ट्रेडर्स एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills and Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	
	ऋणीको विवरण	
३)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.द.नं. ११८/२०६८/०६९ अन्तर्गत मिति २०६८/०७/४ मा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९८ स्थित **अधिकारी कृषि फार्म** **प्रोप्राईटर तथा जमानीकर्ता: कुलाप नन्द अधिकारी**	२) कुलाप नन्द अधिकारी स्थायी ठेगाना : गोरखा जिल्ला, हंसपुर गाउँ पञ्चायत वडा नं. ३ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९८ बाबु : गंगाधर अधिकारी बाजे : पूर्ण सिंह
	धितोको विवरण	
	१) पूर्ण सिंहको नाती, गंगाधर अधिकारीको छोरा, गोरखा जिल्ला, हंसपुर गाउँ पञ्चायत वडा नं. ०३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९८ बस्ने कुलाप नन्द अधिकारीको नाममा मालपोत कार्यालय चनौली, चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, गुरुजनगर गा.वि.स. वडा नं. ५ (हाल भरतपुर म.न.पा. वडा नं. ९८) स्थित कित्ता नं. १२५७ र ४८४ को क्षेत्रफल ०-६-१२.५-० र ०-०-१५-०(विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) डिल्ली रामकी छोरी, गंगाधर अधिकारीकी बुहारी, कुलाप नन्द अधिकारीकी पत्नि, चितवन जिल्ला, गुरुजनगर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९८ बस्ने पवित्रा देवि अधिकारीको नाममा मालपोत कार्यालय चनौली, चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, गुरुजनगर गा.वि.स. वडा नं. ५ (हाल भरतपुर म.न.पा. वडा नं. ९८) स्थित कित्ता नं. ६९ को क्षेत्रफल ०-५-१५-० र (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। ३) अधिकारी कृषि फर्म को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	
	जमानीकर्ताहरुको विवरण	
	१) पवित्रा देवि अधिकारी स्थायी ठेगाना : चितवन जिल्ला, गुरुजनगर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९८ बाबु : डिल्ली राम ससुरा : गंगाधर अधिकारी पति : कुलाप नन्द अधिकारी	**२) पदमराज अधिकारी** स्थायी ठेगाना : चितवन जिल्ला, गुरुजनगर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९८ बाबु : कुलाप नन्द अधिकारी बाजे : गंगाधर अधिकारी	**३) शीला अधिकारी** स्थायी ठेगाना : चितवन जिल्ला, गुरुजनगर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९८ बाबु : ढाकाराम पौडेल ससुरा : कुलाप नन्द अधिकारी पति : पदमराज अधिकारी	**४) पुष्प राज अधिकारी** स्थायी ठेगाना : चितवन जिल्ला, गुरुजनगर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९८ बाबु : कुलाप नन्द अधिकारी बाजे : गंगाधर अधिकारी
	५) सीता अधिकारी स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९८ बाबु : कृष्ण प्रसाद अधिकारी ससुरा : कुलाप नन्द अधिकारी पति : पुष्प राज अधिकारी	**६) कुलाप नन्द अधिकारी** स्थायी ठेगाना : गोरखा जिल्ला, हंसपुर गाउँ पञ्चायत वडा नं. ३ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ९८ बाबु : गंगाधर अधिकारी बाजे : पूर्ण सिंह	

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

मोटरसाइकल हरायो

मिति २०७९/११/१० गते बेलुका अ. १९:०० बजेको समयमा का.जि.का.म.न.पा.-१५, चमतीबाट बा.प्र. ०२-०३७ प ४२७३ नम्बरको कालो रातो रंगको 220cc Pulsar मोटरसाईकल हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

सबारी धनी:जगत गुरुङ
च्यासिस नं.:MD2A13EX8NCL82027
इन्जिन नं. : DKXCNK36280
सम्पर्क: 9851184599, 9886152388

LUMBINI PROVINCIAL GOVERNMENT
Ministry of Health
Province Health Logistics Management Center, Butwal

Letter of Intent

Date: 2079/12/27

Pursuant to clause 27(2) of Public Procurement act 2063 this is to notify all the bidders that the following Substantially responsive lowest bidder have been selected to award the contract as per the invitation for bids published on National Daily and PHLMC intends to award the contract to the same.

IFB No	Description	Publication	Name and address of Bidder	Quoted Price (without Vat)
L/PHLMC/NCB/GOODS-9/2079/080	Procurement of health commodity for disaster and emergency medicine	Naya Patrika 2079.10.27	Bluemoon Meditech Pharma, Kathmandu	Nrs. 3621280.00

PHLMC, Butwal

राष्ट्रिय खेलकुद परिषद्
त्रिपुरेश्वर, काठमाडौं

भूल सुधार गरिएको बारे

सूचना प्रकाशित मिति : २०७९।१२।२७

यस परिषद्बाट मिति २०७९/१२/२२ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा कबोल रकम रु.२३,२१,५१९/५० (अक्षरुपी तेइस लाख एक्काइस ह

■ समिट अपार्टमेन्ट घटना

विस्थापित घरपरिवारलाई तत्काल राहत दिन एक करोडको फन्ड, निर्माणको काम रोकियो

● टेकराज थामी/नयाँ पत्रिका

ललितपुरको बखुन्डोलस्थित समिट अपार्टमेन्ट निर्माणको क्रममा घर भासिएका पीडित, ललितपुर महानगरपालिका, ग्रीनविच होटल र समिट होटलबीच आइतबार सहमति भएको छ। सहमतिपत्रमा १२ बुँदे उल्लेख भए पनि मुख्य गरी तीनवटा विषयलाई प्राथमिकता दिइएको छ। चौधरी ग्रुपका निर्देशक निर्वाण चौधरी, एनई ग्रुपका रविभक्त श्रेष्ठ, सञ्जय मानन्धरसहित चारजनाले प्रभावितलाई तत्काल बसोबासको व्यवस्थापन गर्न र ग्रीनविच होटलसमेत भासिएकाले त्यहाँ काम गर्नेलाई खानबस्नको व्यवस्था गर्न एक करोडको आकस्मिक सहजीकरण कोष खडा गर्ने, ज-जसका घर चर्केका र भत्केका छन्, त्यसको मर्मत र निर्माण निर्माण कम्पनीले गर्ने र तत्काल बाँकी निर्माणको काम नगर्ने सहमति भएको छ।

अवैध रूपमा निर्माणाधीन अपार्टमेन्ट निर्माणको सबै काम तत्काल रोक्न ललितपुर महानगरपालिकाले आइतबार नै निर्माता कम्पनीलाई निर्देशन दिएको छ। निर्देशनपछि निर्माता कम्पनीले सबै काम तत्कालका लागि रोकेको छ। घटनाको छानबिन गर्न महानगरपालिकाले आइतबार नै उपमेयर मन्जिला शाक्य बज्राचार्यको संयोजकत्वमा समिति गठन गरेको छ। समितिले घटनाको अनुसन्धान, क्षतिको विवरण संकलन गर्ने र दोषीलाई कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्नेछ। पीडितलाई उचित क्षतिपूर्ति दिन पनि सम्बन्धित निकायलाई निर्देशन दिनेछ। विस्थापित घरपरिवारलाई तत्काल राहत दिने महानगरपालिकाले आइतबार नै एक करोड रुपैयाँको 'च्यापिड रिलिफ फन्ड' बनाएको छ। फन्डका लागि आवश्यक सम्पूर्ण रकम अपार्टमेन्ट निर्माता कम्पनीले दिनेछ। फन्डबाट विस्थापित घरपरिवारका लागि वासको व्यवस्था गरिनेछ।

'अवैध काम भएको छ। दोषीलाई हदैसम्मको कारबाही गरिने भनेका छौं। तत्कालका लागि निर्माणको सबै काम रोक्न भनेका छौं। पीडितलाई राहत दिन एक करोड रुपैयाँको फन्ड पनि बनाएका छौं। घटनाको अनुसन्धान गर्न समिति पनि बनेको छ। समितिमा प्राविधिक टोली सहभागी छन्। उनीहरूले दिएको प्रतिवेदनका आधारमा दोषीलाई कारबाही हुन्छ,' महानगरका प्रमुख प्रशासकीय अधिकृत गणेश अर्यालले भने।

■ सात अर्ब लगानीमा बन्दै थियो 'लक्जरी अपार्टमेन्ट'

ललितपुर महानगरका अनुसार समिट अपार्टमेन्टको मुख्य लगानीकर्ता चौधरी ग्रुप हो। अपार्टमेन्टमा साझेदारका रूपमा एनई र समिट ग्रुप पनि छन्। उनीहरूले सात अर्ब रुपैयाँ लगानीमा 'मल्टिप्रपोज लक्जरी अपार्टमेन्ट' निर्माण गर्दै छन्। सन् २०२५ सम्ममा सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण गरिएको



अन्धाधुन्ध जग खन्ने काम भएपछि निर्माण कम्पनीलाई सचेत गराएका हौं। हामीमध्येकै एक पीडित रिकध्वज विष्टले त महानगरपालिकामा उजुरी नै दिएका थिए, तर उजुरीमाथि कुनै कारबाही भएन। अवैध संरचनाप्रति महानगरले देखेको-नदेख्यै गऱ्यो।

● **प्रवीण आचार्य**, पीडित



पीडितले महानगरपालिकामा यसअघि कुनै उजुरी दिएजस्तो लाग्दैन। मकहाँ कुनै उजुरी आएको छैन। प्रमुख प्रशासकीय अधिकृतकहाँ आएको हो भने मलाई जानकारी भएन। जे होस् अपार्टमेन्ट निर्माण कम्पनीले गैरकानुनी काम गरेको छ। उसविरुद्ध कारबाही हुनेछ।

● **चिरिबाबु महर्जन**, मेयर, ललितपुर महानगरपालिका

अपार्टमेन्ट 'इलिट वर्ग'लाई लक्षित गरी निर्माण हुँदै छ। जसमा एक सय ३० कोठा हुनेछन्। २४ सर्भिस अपार्टमेन्ट रहनेछन्। अपार्टमेन्टको बेसमेन्टमा सुपरमार्केट रहेनछ। माथिल्लो तलाको एकातर्फ लक्जरी होटेल र अपार्टमेन्ट निर्माण गरिनेछ।

निर्माता कम्पनीले काठमाडौं उपत्यका विकास प्राधिकरणबाट अपार्टमेन्ट बनाउन स्वीकृति लिएको छ, तर भवन निर्माणको नक्सा भने पास गरेको छैन। न उनीहरूले माटो परीक्षण गरेका छन्, न इन्भाइरोमेन्ट इम्प्याक्ट एसेसमेन्ट (इआइए) परीक्षण नै गरेका छन्। अवैध ढंगले अपार्टमेन्ट निर्माण गरिएको मेयर महर्जनले बताए। 'यति ठूलो संरचना निर्माण हुँदै रहेछ। उनीहरूले हामीकहाँ नक्सापास गर्ने आवश्यकतासमेत महसुस गरेनन्। यो सरासर गैरकानुनी काम हो। हामीले उनीहरूलाई कडाभन्दा कडा कानुनी कारबाही गर्ने भनेका छौं। यो काम हामी गरिछाड्छौं,' उनले भने।

■ कानुनमा पाँच लाख मात्रै जरिवानाको व्यवस्था

निर्माणाधीन अपार्टमेन्टको जग खन्दा आसपासका ६ वटा घर भत्किए। जमिन भासियो। स्थानीय विस्थापित भए, तर त्यस्तो काममा संलग्न हुनेलाई कानुनले बढीमा पाँच लाख रुपैयाँ मात्रै जरिवाना गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ ले भवन निर्माणअघि जो-कसैले सम्बन्धित स्थानीय तहमा अनिवार्य रूपमा नक्सापास गराउनुपर्ने भनेको छ। सोही ऐनको दफा ३९ ले कानुन उल्लंघन गर्नेलाई जरिवानाको व्यवस्था गरेको छ। तर, जरिवाना रकम मात्रै पाँच लाख रुपैयाँ तोकिएको छ। 'ऐनबमोजिम नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृतिबेगर हेरफेर गरी भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा नक्सा पास नगरी भवन बनाएको भए पाँच लाख रुपैयाँसम्म र पास भएको नक्सामा स्वीकृतिबेगर हेरफेर गरी भवन बनाएको भए दुई लाख रुपैयाँसम्म जरिवाना गरिनेछ,' ऐनको दफा ३९ को उपदफा ५ मा भनिएको छ।

■ पहिल्यै पीडितहरूले ललितपुर महानगरमा दिएका थिए उजुरी

नक्सापासविनै 'लक्जरी' बहुतले अपार्टमेन्ट बनाउन धमाधम जग खन्न सुरु भएपछि ललितपुर महानगरपालिका- १ बखुण्डोलका स्थानीय रिकध्वज विष्टले तीन महिनाअघि नै महानगरमा उजुरी दिएका थिए, तर उनको उजुरीमाथि कुनै सुनुवाइ भएन।

अन्ततः घर भासिएपछि उनी विस्थापित बने। उजुरीमा विष्टले नक्सापासविनै बहुतले अपार्टमेन्ट बनाउन सुरु गरिएको मात्र नभई जग खन्दा घरको गारो चर्किएको प्रस्टसँग उल्लेख गरेका थिए। साथमा आसपासका कुनै छिमेकीसँग पनि स्वीकृति नलिएको उजुरीमा उल्लेख गरेका थिए।

तर, ललितपुर महानगरपालिकाले घटनाको गाम्भीर्यता बुझेन। नाकै सामुन्ने बनेको अवैध संरचना देखेको-नदेख्यै गऱ्यो। सोही आडमा सिजीले अन्धाधुन्ध अवैध संरचना बनाउन थाल्यो। आसपासका घरको जग भासिए। जसमध्ये केही घरको जग चर्किने मात्रै होइन, गर्ल्यामगुर्लुम्मै ढल्न पुगे। 'अन्धाधुन्ध जग खन्ने काम भएपछि निर्माण कम्पनीलाई सचेत गराएका हौं। हामीमध्येकै एक पीडित रिकध्वज विष्टले त महानगरपालिकामा उजुरी नै दिएका थिए, तर उजुरीमाथि कुनै कारबाही भएन। अवैध संरचनाप्रति महानगरले देखेको-नदेख्यै गऱ्यो,' पीडितमध्येका एक प्रवीण आचार्यले भने।

अपार्टमेन्टसँगै आचार्यको ग्रिनरिच होटेल छ। होटेलका गारो चर्किएका छन्। स्विमिङ पुल भासिएको छ। होटेलबाट पर्यटक विस्थापित भएका छन्। होटेलको जगसमेत भासिन थालेपछि उनले शनिबारबाट होटेल पूर्ण रूपमा बन्द गरेका छन्। महानगरपालिकाको सानो लापरबाहीले स्थानीयले दुःख पाएको उनले गुनासो गरे। 'उजुरी पर्दा नै महानगरपालिकाले 'एक्सन' लिएको भए यो विपत्ति आउने थिएन। 'पिक' सिजनमै होटेल बन्द गर्नुपऱ्यो। यसमा निर्माता कम्पनीको जति दोष छ, महानगरपालिकाको पनि उत्तिकै दोष देखिन्छ। कमसेकम महानगर निरीक्षणमा मात्रै गइदिएको भए निर्माण कम्पनी हच्किने थियो,' उनले भने।

स्थानीयले दिएको उजुरी महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश अर्यालले आवश्यक कारबाही गर्न भन्दै वडा नम्बर १ कार्यालयमा 'फरवार्ड' गरेका थिए। तर, वडा कार्यालयले उजुरीमा कुनै कारबाही चलाएन। ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जनले भने उजुरीबारे आफूलाई जानकारी नभएको बताए। 'पीडितले महानगरपालिकामा यसअघि कुनै उजुरी दिएजस्तो लाग्दैन। मकहाँ कुनै उजुरी आएको छैन। प्रमुख प्रशासकीय अधिकृतकहाँ आएको हो भने मलाई जानकारी भएन। जे होस् अपार्टमेन्ट निर्माण कम्पनीले गैरकानुनी काम गरेको छ। उसविरुद्ध कडा कारबाही हुनेछ,' उनले भने।

अपार्टमेन्ट बनाउन निर्माण कम्पनीले जग खन्ने काम तीन महिनाअघिबाटै सुरु गरेको थियो। त्यसैवेला आसपासका छिमेकीले निर्माण कम्पनीविरुद्ध महानगरपालिकामा उजुरी दिएका थिए। निर्माण कम्पनीले अपार्टमेन्ट निर्माणका लागि अहिले सात मिटर गहिरो जग खनिसकेको छ। जगबाट पानीको भेल आउन थालेको छ। सोही कारण आसपसका जमिन भासिन थालेका हुन्।

■ त्रिवि सेवा आयोगको परीक्षामा अंक फेरबदल

प्रशासन प्रमुखको निर्देशनमा कापीको अंक थपघट, ६ जना दोषी ठहर

नयाँ पत्रिका
काठमाडौं, २६ चैत

त्रिभुवन विश्वविद्यालय सेवा आयोगको परीक्षामा आयोगका कर्मचारीका आफन्तको उत्तरपुस्तिकामा थपघट गरेको विषयमा विशेष अदालतले ६ जनालाई दोषी ठहर गरेको छ। गत ४ असोजमा भएको फैसलाको पूर्णपाठमा अन्य चारजना प्रतिवादीलाई सफाइ दिइएको छ। विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय यमुना भट्टराई र खुसीप्रसाद थारूको इजलासले यस्तो फैसला गरेको हो।

त्रिवि सेवा आयोगबाट २८ फागुन ०७३ मा प्रकाशित नतिजा र १८ फागुन ०७३ मा प्रकाशित विज्ञापनको नतिजामा गडबडी भएको उजुरी परेपछि अनुसन्धान गरेर अख्तियारले १८ असार ०७६ र १५ चैत ०७८ मा गरी दुईवटा मुद्दा दायर गरेको थियो। यी दुवै मुद्दालाई लगाउमा राखेर अदालतले सुनुवाइ गरेको थियो। जसमध्ये एउटामा ६ जना र एउटामा एकजना दोषी ठहर भएका हुन्। आयोगका अध्यक्ष चैतन्य शर्मा, सदस्य चिन्तामणि पोखरेल, पूर्वप्राध्यापक गोविन्द ढकाल र सहप्राध्यापक ताराप्रकाश पौडेलले सफाइ पाएका हुन्। दोषी ठहर हुनेमा एकजना प्राध्यापक र एकजना सहप्राध्यापक छन्। अदालतले प्राध्यापक टेकनाथ ढकाल र सहप्राध्यापक राजेश्वर न्यौपानेलाई दोषी ठहर गरेको हो। अदालतले यो मुद्दामा त्रिवि सेवा आयोगका प्रशासन प्रमुख पदमा कार्यरत परशुराम कोइरालालाई नौ महिना कैद र आठ हजार रुपैयाँ जरिवाना हुने सजाय सुनाएको थियो। उनकी छोरी नमिता कोइरालाले समेत शाखा अधिकृत पदमा आवेदन दिएकी थिइन्।

> आयोगको कार्यालय सहायक बच्चुराम पाण्डेलाई चार महिना कैद र ६ हजार जरिवाना तथा आयोगकी मुख्य कार्यालय सहायक इन्दिरा तिवारी भन्तनालाई पनि उति नै सजाय भएको हो। तिवारीकी भदैनी समीक्षा तिवारीले मुख्य कार्यालय सहायक पदमा आवेदन दिएकी थिइन्।

आयोगका कार्यालय सहायक बच्चुराम पाण्डेलाई चार महिना कैद र ६ हजार जरिवाना तथा आयोगकी मुख्य कार्यालय सहायक इन्दिरा तिवारी भन्तनालाई पनि उति नै सजाय भएको हो। तिवारीकी भदैनी समीक्षा तिवारीले मुख्य कार्यालय सहायक पदमा आवेदन दिएकी थिइन्। कोइराला र तिवारी दुवैले यसको जानकारी पहिले नै आयोगलाई गराउनुपर्नेमा त्यसो गरेका थिएनन् र परीक्षासम्बन्धी सबै कार्यमा सहभागी भएका थिए। समीक्षाको कापीमा चार-पाँचपटकसम्म केरमेट गरी नम्बर थप गरेको भेटिएको थियो। बच्चुराम पाण्डेले भने यी सबै काम कोइरालाको निर्देशनमा भएको भनी कसुर स्वीकार गरेका थिए।

त्रिविका अवकाशप्राप्त सहप्रशासक रामबहादुर पाण्डेलाई कैद सजाय भए पनि उनको मृत्यु भइसहेको छ। सहप्राध्यापक राजेश्वर न्यौपानेलाई पनि चार महिना कैद र ६ हजार रुपैयाँ जरिवाना हुने सजाय सुनाइएको छ। प्राध्यापक टेकनाथ ढकाललाई चार र तीन महिना गरी जम्मा सात महिना कैद र ६ हजार रुपैयाँ जरिवाना हुने फैसला विशेष अदालतले गरेको थियो।

अनुसन्धानका क्रममा शाखा अधिकृत पदमा ६ जनाको अंक थपघट गरेको अनुसन्धानबाट देखिएको थियो। जसमा चारजनालाई अंक थपेर उत्तीर्ण गराइएको थियो भने दुईजनाको उत्तरपुस्तिकाको प्रथम र तेस्रो पत्रमा क्रमशः ११ र १४ अंक घटाइएको थियो। उत्तीर्ण भएका व्यक्तिको समेत लेजरमा अंक नजनाई अनुत्तीर्ण गराइएको भेटिएको थियो।

लेखा अधिकृत पदका परीक्षार्थीमध्ये सातजनाको दोस्रो पत्रको उत्तरपुस्तिकामा २ देखि १० अंकसम्म थप गरिएको र सहायक कानुनी सल्लाहकारका लागि परीक्षा दिएका तीनजनाको अंक केरमेट गरिएको थियो। एउटा पदका लागि भएको उक्त परीक्षामा ३७ अंक आउनेलाई १५ अंक थपिएको थियो भने दुईजनाको प्राप्तांकलाई घटाएर ५० मा झारिएको थियो।

■ उत्तर नै नलेख्दा पनि अधिकतम अंक दिनु गैरजिम्मेवारीपनाको चरम अवस्था

उत्तरपुस्तिकामा केरमेटबारेको अर्को मुद्दामा त्रिवि केन्द्रीय पुस्तकालयकी सहप्रशासक इन्दिरा घिमिरे कोइराला दोषी ठहर भएकी छन्। उनलाई विशेष अदालतले तीन महिना कैद र पाँच हजार जरिवाना हुने फैसला सुनाएको थियो। उनले पुस्तकालय सहायक पदको दोस्रो पत्रको उत्तरपुस्तिका परीक्षण गरेकी थिइन्। जसमा उत्तर नै नलेखेकोमा पनि अधिकतम् अंक दिइएको भेटिएको थियो। अख्तियारसामु उनले 'कापी परीक्षण गर्ने समयमा मेरो दिमागले काम गरेनछ वा मैले त्यतिबेला अर्को कापीसमेत सँगसँगै हेर्दा भुलवश त्यस्तो भएको हो' भनी बताएकी थिइन्।

संक्षेप

■ उठ्न छाड्यो सिंहदरबारभित्रको फोहोर

काठमाडौं/ काठमाडौं महानगरपालिकाले सिंहदरबार क्षेत्रको फोहोर उठाउन छाडेको छ। आइतबार बिहानदेखि महानगरले सिंहदरबारभित्रका फोहोर उठाउन छाडेको हो। महानगरसँग अनुमति लिएर सिंहदरबारभित्र परिवर्तन सेवा नेपाल भन्ने निजी संस्थाले फोहोर उठाउँदै आएको छ। तर, उक्त संस्थाले आइतबारदेखि सिंहदरबारको फोहोर उठाउन छाडेको छ।

काठमाडौं महानगरका प्रमुख बालेन्द्र साहले शनिबार सामाजिक सञ्जालमा सिंहदरबारको फोहोर नउठाउने स्टाटस लेखेका थिए। सोहीअनुसार परिवर्तन सेवा नेपालले फोहोर उठाउन छाडेको हो।

सिंहदरबार क्षेत्र काठमाडौं महानगरपालिका-११ वडाभित्र पर्छ। मेयर साहको घोषणाबमोजिम वडा कार्यालयले पनि सिंहदरबारको फोहोर नउठाउन निजी कम्पनीलाई निर्देशन दिएको छ। महानगरका अनुसार सिंहदरबारभित्र कुहिने र नकुहिने गरी दैनिक सात टन (एक टिपर) फोहोर संकलन हुन्छ। यहाँबाट उठाएर फोहोर नयाँ ल्यान्डफिल साइट बन्चरेडाँडामै लगिन्छ। तर, फोहोर उठाउन कन्टेनर नगएपछि सिंहदरबारका ठाउँ-ठाउँमा फोहोर थुप्रिन थालेको छ।

शुक्रबार गैरीगाउँस्थित बागमती करिडोरमा बनेका अवैध संरचना भत्काउन जाँदा गृह मन्त्रालय र सहरी विकास मन्त्रालयले असहयोग गरेको भन्दै मेयर साह आक्रोशित बनेका थिए। उनले अवैध संरचना भत्काउन जाँदा गृहसँग सुरक्षासमेत माग गरेका थिए। तर, गृहले सहयोग नगरेपछि उनले शनिबार बिहान सामाजिक सञ्जालमा लेख्दै सिंहदरबारको फोहोर नउठाउने घोषणा गरेका थिए।

■ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीयको डेढ करोड गैरकानुनी सम्पत्ति

काठमाडौं/ गैरकानुनी सम्पत्ति आर्जनको आरोपमा रौतहटको ईशनाथ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ। स्रोत नखुलेको एक करोड ४९ लाख ९७ हजार आठ सय ६४ रुपैयाँ रकमलाई बिगो कायम गरेर अख्तियारले आइतबार अदालतमा मुद्दा दायर गरेको हो। २ ९ वैशाख ०५१ मा सार्वजनिक सेवा प्रवेश गरेका गुप्ताको २५ जेठ ०७९ सम्मको आम्दानी र खर्चमाथि अख्तियारले छानबिन गरेको थियो।

'अनुसन्धान अवधिमा विद्यमान सम्पत्ति एक करोड ४९ लाख ९७ हजार आठ सय ६४ बराबरको स्रोत नखुलेको हुँदा सार्वजनिक पदधारण गरेका नन्दकिशोर गुप्ताले प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वाभाविक देखिन जानुका साथै मनासिब कारणविना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको र सार्वजनिक पदको दुरुपयोग गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको पुष्टि भयो,' अख्तियारले अदालतमा दायर गरेको आरोपपत्रमा उल्लेख छ। सोही रकमलाई बिगो कायम अख्तियारले मुद्दा दायर गरेको हो। पदको दुरुपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति पत्नी उषा गुप्ताको नाममा जग्गा खरिद तथा घर निर्माणलगायतमा खर्च गरेको भेटिएको आरोपपत्रमा उल्लेख छ। सम्पत्ति जफतको प्रयोजनका लागि अख्तियारले पत्नी उषा गुप्तालाई पनि प्रतिवादी कायम गरेको छ।

■ प्रदेश सरकारमा हलचल

कर्णालीमा एमाले बाहिरियो, बागमतीमा कांग्रेस भित्रियो

● मकवानपुरमा **पोष्टराज अधिकारी**
● सुर्खेतमा **रमेश रावल**

कर्णाली र मधेस सरकारमा कांग्रेस सहभागी हुने, गण्डकी र लुम्बिनीमा माओवादीसहितका दल बाहिरिएर समर्थन फिर्ता लिएपछि एमाले नेतृत्वको अल्पमत सरकार कायमै



कर्णालीका मुख्यमन्त्री राजकुमार शर्मालाई सामूहिक राजीनामा बुझाउँदै एमालेका मन्त्री।

१० दिनअघि मुख्यमन्त्रीलाई विश्वासको मत दिएको एमाले कर्णाली प्रदेश सरकारबाट बाहिरिएको छ। आइतबार एमालेका मन्त्रीहरूले राजीनामा दिए पनि सरकारलाई दिएको समर्थन भने फिर्ता गरेको छैन।

तत्कालीन समीकरणमा कर्णालीका मुख्यमन्त्री बनेका रामकुमार शर्मालाई १७ चैतमा पनि विश्वासको मत दिएको एमाले आइतबार सरकारबाट बाहिर निस्केको हो। एमालेबाट आर्थिक मामिला तथा योजनामन्त्री विनोदकुमार शाह, उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री जितबहादुर मल्ल र सामाजिक विकासमन्त्री टेकराज पछाईले मुख्यमन्त्री शर्मालाई राजीनामा बुझाए।

एमाले नेता एवं निवर्तमान सामाजिक विकासमन्त्री टेकराज पछाईले मार्गप्रशस्त गर्न एमालेका मन्त्रीले सरकार छाडेको बताए। 'सरकारलाई दिएको समर्थन के गर्ने भन्ने विषयमा संसदीय दलको बैठक बसेर निर्णय हुन्छ,' उनले भने।

त्यसैबीच कांग्रेस बागमतीमा बहादुरसिंह लामाको नेतृत्वमा आइतबार सरकारमा सहभागी भएको छ। मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारमा कांग्रेसबाट दलका नेता लामासहित तीर्थबहादुर लामाले मन्त्रीका रूपमा शपथ लिएका छन्।

बहादुरसिंह आर्थिक मामिला तथा योजनामन्त्री र तीर्थ खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री बनेका छन्। ११ सदस्यीय मन्त्रिपरिषद् रहेको बागमतीमा मुख्यमन्त्रीसहित ६ मन्त्री मात्र छन्। पाँच मन्त्रालय नेतृत्वविहीन छन्। मुख्यमन्त्री जम्कट्टेलले स्वास्थ्य, पर्यटन, यातायात, कृषि र वन मन्त्रालय पनि सम्हाल्दै आएका छन्।

तर, बागमती सरकारले पूर्णता पाउन अझै समय लाग्ने देखिएको छ। १३ फागुनमा राप्रपाका तीन र १० चैतमा एमालेका चार मन्त्रीले राजीनामा दिएपछि सरकार विस्तार हुन सकेको थिएन। मुख्यमन्त्रीलाई विश्वासको मत दिएको एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी अझै सरकारबाहिर छन्। मन्त्रालयको भागबन्डामा सहमति जुटेको छैन।

कांग्रेसले ६, माओवादीले पाँच, एकीकृत समाजवादीले तीन र हाम्रो नेपाली पार्टीले एउटा मन्त्रालयमा दाबी गरेपछि सरकारले पूर्णता पाउन नसकेको हो। तर, प्रदेशमा ११ मन्त्रालय छन्।

एकीकृत समाजवादीका नेता कृष्णप्रसाद शर्मा खनालले मन्त्रालयको संख्या र कुन मन्त्रालय कसले पाउनेबारे सहमति नजुटेको बताए।

उता कर्णाली र मधेस सरकारमा कांग्रेस सहभागी हुने भएको छ। एमाले २१ चैतमा मधेस सरकारबाट बाहिरिएसँगै त्यहाँ केन्द्रको समीकरणअनुसार सरकार बनाउन छलफल भइरहेको छ।

प्रतिपक्षमा रहेकै वेला कर्णाली सरकारलाई विश्वासको मत दिएको काङ्ग्रेस-माओवादीबीच मन्त्रिपरिषद् विस्तारबारे छलफल चलेको छ। माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा र कांग्रेस कर्णाली प्रदेशका संसदीय दलका नेता जीवनबहादुर शाहीबीच गत शुक्रबार मात्र भेट भएको थियो। भेटमा शर्माले कांग्रेसलाई सरकारमा सामेल हुन आग्रह गरेका थिए।

शाहीले पहिलो कार्यकालमा मुख्यमन्त्री दिने वचन प्रचण्डले दिएकाले पालना हुनुपर्ने बताएका थिए। अब केन्द्रमा भएको सहमतिअनुसार कर्णालीमा सरकार गठनको टुंगो लाग्ने नेता शाहीले बताए। कर्णालीमा कांग्रेस १४ सिटसहित पहिलो दल रहेकाले सुरुवातीमै मुख्यमन्त्री पाउनुपर्ने माग गर्दै आएको छ। तर, माओवादी केन्द्रले भने बहाल मुख्यमन्त्री शर्मालाई नै निरन्तरता दिएर आलोपालो गर्नुपर्ने बताउँदै आएको छ।

२१ चैतमा एमाले बाहिरिए पनि मधेस सरकार प्रतिनिधिसभा सदस्य उपनिर्वाचनपछि मात्र विस्तार हुने भएको छ। १० चैतमा बारा २, चितवन २ र तनहुँ १ मा उपनिर्वाचन हुँदै छ। उपनिर्वाचनको मनोनयनको भोलिपल्ट २१ चैतम एमाले मधेस सरकारबाट बाहिरिएको थियो। जसपा नेतृत्वको सरकारमा माओवादी र जनमत मात्रै छन्। तर, अब केन्द्रको समीकरणअनुसार यहाँ कांग्रेस, एकीकृत समाजवादी र लोसपा सरकारमा सहभागी हुँदै छन्। मुख्यमन्त्री सरोजकुमार यादवले संघमा भएको समीकरणअनुसार नै प्रदेशमा पनि सरकार विस्तार हुने बताए। 'उपनिर्वाचनपछि कांग्रेस, लोसपा, एकीकृत समाजवादी पनि सरकारमा सहभागी हुन्छन्। अहिले निर्वाचन आचारसंहिता भएकाले सरकार विस्तार हुन नसकेको हो,' उनले भने। संघ सरकारबाट बाहिरिएको जनमत पार्टी भने मधेस सरकारमा छ। यसबारे पार्टी (जसपा)मा कुनै छलफल नभएको मुख्यमन्त्री यादवले बताए। जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादवले तत्काल प्रदेश सरकार छोड्ने सम्भावना नरहेको बताए। संघ सरकारबाट बाहिरिए पनि समर्थन कायमै रहेको उल्लेख गर्दै उनले भने, 'मधेसमा जनमतलाई राख्ने वा नराख्ने निर्णय गर्ने अधिकार गठबन्धनको हो, जसपाको होइन। त्यसकारण यस विषयमा गठबन्धनले निर्णय नगरेसम्म जनमत सरकारमै रहन्छ।' एमाले सरकारबाट बाहिरिए पनि समर्थन फिर्ता लिइसकेको छैन।

● गण्डकी र लुम्बिनीमा एमालेको अल्पमतको सरकार

गण्डकी र लुम्बिनीमा माओवादीसहितका दल बाहिरिएर समर्थन फिर्ता लिएसँगै एमालेले अल्पमतको सरकार चलाइरहेको छ। माओवादी १० चैतमा गण्डकी र १२ चैतमा लुम्बिनी सरकारबाट बाहिरिएको थियो। तर, गण्डकीका मुख्यमन्त्री खगराज अधिकारी र लुम्बिनीका मुख्यमन्त्री लीला गिरी अल्पमतको सरकार चलाइरहेका छन्। काङ्ग्रेले गण्डकीमा सुरेन्द्र पाण्डे र लुम्बिनीमा डिल्लीबहादुर चौधरीलाई मुख्यमन्त्रीका रूपमा अघि सारेको छ।

लुम्बिनीका मुख्यमन्त्री गिरीलाई एमालेका २९ र राप्रपाका चार गरी ३३ सांसदको मात्र साथ छ। लुम्बिनीमा ८७ सांसदमध्ये सभामुखबाहेक ५३ सांसद सरकारको विपक्षमा छन्। लुम्बिनी सरकार गठनका लागि ४४ सांसदको समर्थन आवश्यक पर्छ।

कोसी प्रदेशमा सरकार परिवर्तनमा भने केही ढिलाइको संकेत देखिएको छ। कोसी प्रदेशमा एमाले नेता हिक्मत कार्कीको नेतृत्वमा सरकार छ। कार्कीलाई माओवादी, राप्रपा र जसपाको समर्थन कायम छ। कोसीमा सरकारलाई समर्थन फिर्ता गर्ने विषयमा माओवादीमा नै अलमल छ। कोसीमा मुख्य प्रतिपक्षी कांग्रेसले भने सरकार परिवर्तन गराउन केन्द्रमा दबाब बढाइरहेको छ। तर, मधेस सरकारबाट एमाले बाहिरिसकेकाले अब समीकरण फेरिने सम्भावना छ।



डाक्टर बन्ने सपना र यथार्थबीचको अन्तर

नयाँ सरकारी अस्पताल खोलिए पनि त्यहाँ स्थायी चिकित्सकको व्यवस्था नगर्ने र स्वास्थ्य क्षेत्रमा भएको लगानीलाई आर्थिक बोझ मान्ने सरकारी प्रवृत्ति गलत छ



● प्रा.डा. गोविन्दमानसिंह कार्की


अग्रलेख

धेरै अभिभावकको सपना आफ्ना सन्तानलाई डाक्टर बनाउने हुन्छ । डाक्टर पढाएपछि छोराछोरी आत्मनिर्भर हुन सक्छन् र उनीहरू समाजसेवामा पनि सक्रिय भएर खुसीसाथ जीवन बिताउन सक्छन् भन्ने आमअपेक्षा रहेको बुझिन्छ । विद्यार्थीले पनि प्राविधिक शिक्षातर्फ अब्बल मानिएको विषयका रूपमा मेडिकल शिक्षालाई स्विकारेर त्यसैलाई पहिलो प्राथमिकता दिने गरेको देखिन्छ । यस्ता अभिभावक र विद्यार्थीको संख्या उल्लेख रहेको देखिन्छ । सुरुसुरुका वर्षमा चिकित्सा शिक्षाका लागि नेपालमा मेडिकल कलेजको संख्या पनि न्यून रहेको अवस्थामा थोरै डाक्टर उत्पादन हुने अवस्था थियो । तर, आज त्यस्तो अवस्था छैन । देशभित्रका सरकारी र निजी मेडिकल कलेजमा चिकित्सा विषय लिएर डाक्टरको डिग्री लिन अहिले त्यति धेरै गाह्रो छैन । नेपालबाहेक बंगलादेश, चीनलगायत थुप्रै मुलुकबाट समेत चिकित्सा विषय लिएर डाक्टरको पढाइ सक्नेको संख्या वार्षिक दुई हजारभन्दा माथि रहेको अवस्था छ । एमबिबिएस, एमडी, एमसिएचको पढाइ सकेका नेपाली विद्यार्थीले पढाइ समाप्तिपछि भोग्नुपरिरहेका समस्या या पीडाका विषयमा समीक्षा गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ ।

नेपालमा चिकित्सातर्फको उच्च शिक्षा प्रदान गर्ने ध्येयले ०२९ सालमा त्रिविको चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत महाराजगन्ज शिक्षण अस्पतालको व्यवस्था भएको थियो । ०४० सालमा पहिलो मेडिकल कलेजको मान्यता पाएपछि मात्र महाराजगन्ज शिक्षण अस्पतालमा चिकित्सा शिक्षाको सुरुवात भएको देखिन्छ । पछिल्लो समयमा त्रिविको चिकित्साशास्त्र अध्ययन संस्थानले देशभर धेरै मेडिकल कलेजलाई सम्बन्धन दिएको हुँदा ठूलो संख्याका विद्यार्थी ती संस्थामा अध्ययनरत छन् । उता काठमाडौं विश्वविद्यालय पनि आफैंले मेडिकल कलेज सञ्चालनमा ल्याएको र अन्य धेरैलाई सम्बन्धन प्रदान गरेकाले नेपालमा मेडिकल कलेजको संख्या २० नाघिसकेको अवस्था छ । अन्य केही मेडिकल कलेज सम्बन्धनको पर्खाइमा छन् । यीबाहेक अन्य ६ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानले पनि धेरैको डाक्टर बन्ने सपनालाई साकार बनाइरहेका छन् । बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र कार्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले पनि ठूलो संख्याका विद्यार्थीलाई चिकित्सा शिक्षा अध्यापन गराउँदै आएका छन् । पछिल्लो समयमा चिकित्सा शिक्षा ऐन २०७५ जारी भएपछि चिकित्सा शिक्षा दिने संस्थाको स्थापना, सञ्चालन, अनुगमन, सिट निर्धारण, प्रवेश परीक्षा, नतिजा प्रकाशन र म्याचिङ आदिको जिम्मेवारी नेपाल चिकित्सा शिक्षा आयोगको काँधमा आएको छ ।

नेपालभित्र र बाहिर पढेर आउने विद्यार्थीले नेपाल मेडिकल काउन्सिलको परीक्षा उत्तीर्ण भएपछि मात्र लाइसेन्स पाउन सक्छन् । हालसम्मको तथ्यांकलाई हेर्दा यो परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीको संख्या ३५ देखि बढीमा ५० प्रतिशत नाघ्न सकेको देखिँदैन । यसबाट चिकित्सा शिक्षा लिएका धेरै विद्यार्थी लाइसेन्स पाउनबाटै वञ्चित भइरहेको अवस्था छ । उता लाइसेन्स परीक्षा उत्तीर्ण गरेका चिकित्सकसामु पनि थुप्रै चुनौती देखिन्छन् । धेरै विद्यार्थीको रहर सरकारी सेवामा प्रवेश गर्ने हुन्छ । तर, लोकसेवा आयोगबाट एमबिबिएस डाक्टरको आठौं तहका लागि लिइने परीक्षामा वर्षको १५-२० सिटभन्दा बढीको माग नहुनाले हजारौंको संख्यामा डाक्टरको सर्टिफिकेट लिएर बसेका विद्यार्थी निराश बन्नुपर्ने अवस्था छ । विगत सात वर्षदेखि छात्रवृत्ति कोटामा पढेका विद्यार्थीलाई दुई वर्ष अनिवार्य 'बन्डिङ'मा विभिन्न अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रमा पठाउन थालिएपछि नयाँ चिकित्सकको आवश्यकता नै नपर्ने अवस्था आएको छ । यसरी लामो समयदेखि कतिपय सरकारी अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्र यिनै विद्यार्थीको अनिवार्य करार सेवाबाट सञ्चालनमा छन् । सरकारलाई त्यहाँ स्थायी डाक्टर पठाउने आवश्यकता नै छैन ।

एमडी, एमएसमा छात्रवृत्तिमा पढ्ने मौका पाएमा विद्यार्थीले फेरि पनि दुई वर्ष बन्डिङमा जानुपर्ने हुन्छ । त्यसभन्दा माथिको तह डिएम र एमसिएचमा नाम निकाल्नेले पुनः दुई वर्ष बन्डिङमा अनिवार्य सेवा गर्नुपर्ने बाध्यता छ । यसबाट डाक्टरको सर्टिफिकेट लिने विद्यार्थीको महत्त्वपूर्ण समय बन्डिङमै बित्ने



प्रस्ट देखिन्छ । यसरी मेडिकल शिक्षा पूरा गर्दा नै विद्यार्थीले थुप्रै झमेला व्यहोर्नुपर्ने अवस्था छ । यसबाट उच्च तहको अध्ययन पूरा गर्दा नगर्दा विद्यार्थीमा चरम मानसिक दबाबको स्थिति सिर्जना हुने देखिन्छ । एकातिर समयको बर्बादी र अर्कातिर भोलिको भविष्यको चिन्ताले पिरोलिनुपर्ने अन्योलबीच विद्यार्थीहरू आफ्नो पठनपाठनलाई अगाडि बढाइरहेका हुन्छन् । एमडी र सोभन्दा माथिको तहका लागि लोकसेवाबाट नवौं तहको कुनै स्थायी सेवाको विज्ञापन नहुने भएकाले पढाइ सकेर स्थायी सेवामा जाने लक्ष्यमा पनि तगारो उत्पन्न हुन जान्छ, जसले गर्दा नेपालमा निरन्तर बेरोजगार डाक्टरको संख्या बढिरहेको देखिन्छ ।

> चिकित्सा शिक्षाका तीन तह पार गर्दा नियमित विद्यार्थीका लागि कम्तीमा २० वर्ष खर्चिनुपर्ने र एमबिबिएस अध्ययनका लागि मात्र झन्डै करोड लगानी गर्नुपर्ने वर्तमान अवस्थाले नेपालको मेडिकल शिक्षाप्रति विद्यार्थी र अभिभावकको दृष्टिकोण नकारात्मक बन्ने अवस्था छ

एमबिबिएस सकेका डाक्टरलाई काठमाडौंको कुनै स्वास्थ्य संस्थाले मासिक २८ हजारमा काम लगाइरहेको सुन्दा झन्डै करोड खर्च गरेर पढाउने अभिभावक र चिकित्सा शिक्षा अध्ययन गर्ने सम्बन्धित विद्यार्थीलाई कस्तो महसुस होला, सहजै अनुमान गर्न सकिन्छ । एमबिबिएस र एमडी गरेपछि नेपालमा आफ्नो कुनै भविष्य नदेखेर अमेरिकाको युयसएमएलाई र बेलायतको प्रदेश परीक्षा प्लाबमा सामेल हुने विद्यार्थीको संख्या झन्डै ५० प्रतिशतभन्दा बढी रहेको देखिन्छ । यसरी बर्सेनि नेपाली डाक्टर भविष्यको खोजीमा अमेरिका, बेलायतलगायत अन्य मुलुकमा पलायन भइरहेका छन् ।

नेपालमा डाक्टरका लागि दरबन्दी संख्या ३५ वर्षअगाडिकै कायम छ । विगत सात वर्षदेखि बन्डिङ प्रणाली लागू भएपछि त सरकारलाई दरबन्दी थप्नुपर्ने कुनै आवश्यकता नै रहेन । देशमा नयाँ-नयाँ अस्पताल खोलिए पनि त्यसको सञ्चालनका लागि स्थायी डाक्टरको व्यवस्था नगर्ने र स्वास्थ्यमा भएको लगानीलाई आर्थिक बोझ मान्ने सरकारी प्रवृत्ति हाबी भएको अवस्था छ । स्वास्थ्य सेवालाई ०७२ का संविधानले अनिवार्य भनी प्रत्याभूत गरेको भए पनि त्यो देखाउने दाँत मात्र बनेको छ । केही समयअघि भरतपुरको एक सरकारी अस्पतालले १२ जना डाक्टर ज्यालादारीमा मागेको र सो कुराको विरोध भएको सन्दर्भ पनि सेलाइसकेको छैन । यसबाट सरकारी अस्पताल डाक्टरको अभावमा कसरी सञ्चालन भइरहेका छन् भन्ने बुझ्न अब गाह्रो छैन । यसरी हेर्दा सबैले यथार्थ बुझेको, तर यसमा सकारात्मक पहल गर्न भने सरकार र सम्बन्धित निकाय तयार भएको देखिँदैन ।

नेपालमा डाक्टर पढ्ने र पढाउने 'क्रेज' रत्तिभर कम भएको देखिँदैन । सन्तानलाई डाक्टर पढाएर समाजमा आफ्नो रवाफ देखाउने परम्परा पनि पुरानै हो । तर, डाक्टर पढ्ने र पढाउने कसैले पनि डाक्टरको पढाइ सकिएपछि विद्यार्थीले भोग्नुपर्ने अन्योलका विषयमा केही पनि जानकारी राख्ने गरेको पाइँदैन । सो कुरा नेपालमा क्रमशः बढ्दो डाक्टरको उत्पादन र बेरोजगारीको अवस्था वा न्यून वेतनमा काम गर्नुपर्ने बाध्यतापछि मात्र लामो समय र ठूलो लगानी खर्चिएर चिकित्सा शिक्षा अध्ययन गर्ने विद्यार्थी र तिनका अभिभावकका आँखा खुल्छन् सायद ।

डाक्टरी शिक्षाका तीन तह पार गर्दा नियमित विद्यार्थीका लागि कम्तीमा २० वर्ष खर्चिनुपर्ने र एमबिबिएस अध्ययनका लागि मात्र झन्डै करोड लगानी गर्नुपर्ने वर्तमान अवस्थाले नेपालको मेडिकल शिक्षाप्रति विद्यार्थी र अभिभावको दृष्टिकोण नकारात्मक बन्ने अवस्था सिर्जना भएको छ ।

नेपालमा चिकित्सा शिक्षाको अन्योलका लागि नेपाल सरकार पूर्ण रूपमा जिम्मेवार रहेको देखिन्छ । लोकतन्त्र प्राप्तिपछिका सरकारले दूरगामी चिकित्सा शिक्षा नीति निर्माण गर्ने र अस्पतालमा नयाँ दरबन्दी सिर्जना गरी स्थायी डाक्टर पठाउन कुनै चासो देखाएको पाइँदैन । यस्तो स्थितिमा मेडिकल शिक्षाका प्रत्येक तहमा विद्यार्थीलाई बन्डिङमा पठाउनुको साटो अध्ययन अवधिभर एकपटक मात्र पठाउने, देशभरका अस्पतालमा रहेका चिकित्सकको वास्तविक तथ्यांक लिएर आवश्यक संख्यामा डाक्टरको स्थायी नियुक्ति प्रक्रिया अगाडि बढाउने र समयानुकूल चिकित्सा शिक्षामा सुधार गर्दै जाने हो भने चिकित्सा शिक्षाको वर्तमान बेथिति पक्कै कम हुने थियो ।

मेडिकल कलेजलाई बेरोजगार डाक्टर उत्पादन केन्द्र बन्न नदिन र डाक्टर पढेका विद्यार्थीको विदेश पलायन रोक्न तथा विद्यार्थी र अभिभावकको चिकित्सा शिक्षाप्रतिको सम्मान भाव कायम राख्न राज्यले तत्काल कदम चाल्नुपर्ने अवस्था देखिन्छ ।

चिकित्सा शिक्षाबारे व्यक्त चासो र चिन्ताका विषयमा राम्रो जानकारी मुलुकका प्रधानमन्त्री, स्वास्थ्यमन्त्री, स्वास्थ्य सचिवलगायत सम्बन्धित निकायका नेतृत्वदायी स्थानमा रहेका व्यक्तिहरूलाई नभएको भने होइन, तर उनीहरूले यस प्रणालीमा कुनै सुधारको आवश्यकता देखिरहेका छैनन् । यस्तो अवस्थामा डाक्टर बनेर परिवार, समाज र राष्ट्रलाई योगदान दिने सोचले चिकित्सा शिक्षा पढेर डाक्टर बन्न चाहने विद्यार्थीको भविष्य अझै वर्षौं पछाडिसम्म अन्योलपूर्ण रहने कुराको सहज अनुमान गर्न सकिन्छ ।

३ प्रश्न

संघीयताविज्ञ तथा राष्ट्रिय सभाका सांसद **खिमलाल देवकोटा**लाई



संघीय र स्थानीय सरकारबीचको सम्बन्ध कस्तो हुनुपर्छ ?

तीनै तहका सरकारका काम, कर्तव्य र अधिकारबारे संविधानमै प्रस्ट व्यवस्था गरिएको छ । तीनै तहका सरकार सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा अघि बढ्नुपर्छ । हरेक तहका सरकारले संविधानले प्रदान गरेका एकल अधिकार एक्लै प्रयोग गर्न पाउँछन् । तर, कतिपय साझा अधिकार भने आपसी समन्वयमा कार्यान्वयन गर्नुपर्छ । नागरिकको अपेक्षा भनेको विकास, समृद्धि, सुशासन र शान्ति नै हो । यसका लागि तीनै तहका सरकारले आपसमा मिलेर काम गर्न सक्नुपर्छ ।

काठमाडौं महानगर र संघीय सरकारबीच दूरी बढ्दै गएजस्तो देखिन्छ नि ?

कैयौं अधिकार कार्यान्वयनमा स्थानीय सरकार स्वायत्त भए पनि संघीय राजधानीसमेत रहेको काठमाडौं महानगरका मेयरले केन्द्रसँगको समन्वय र सहकार्यलाई ध्यान दिनुपर्छ । केन्द्रलाई पनि महानगरले हामीसित समन्वय गरेन, हामीलाई चासो दिएन भन्ने परेको हुन सक्छ । महानगरलाई पनि केन्द्रले सहयोग गरेन भन्ने परेको हुन सक्छ । यसरी दुई भिन्न तहका सरकारबीच दूरी या विश्वासको संकट बढ्नु दुःखद छ ।

यसले जनतामा संघीयताप्रति नै निराशा बढ्ने खतरा कति देख्नुहुन्छ ?

यस्ता विवाद विगतका एकात्मक राज्यव्यवस्थामा पनि हुन्थे । जिविस, स्थानीय तह, जिल्ला आदिका तहमा एकअर्काबीच यस्ता विवाद भइरहन्थे । अहिले पनि भएको त्यही हो । यसमा आपसी संवादबाट समाधान निकाल्नुपर्छ । यसले व्यवस्थामाथि नै निराशा बढाइहाल्छ भन्नचाहिँ सकिन्न ।

प्रेरक प्रसंग

कामप्रतिको समर्पण

बलराज साहनी भारतीय चलचित्र जगत्का एक विख्यात कलाकार थिए । उनै साहनी आफ्नो चर्चित चलचित्र 'दो बिघा जमिन'को तयारी गरिरहेका थिए । यस चलचित्रमा उनले एक रिक्साचालकको भूमिका निर्वाह गरिरहेका थिए । एक पढेलेखका सहरी साहनीले अनपढ, गाउँले रिक्साचालकको भूमिका निर्वाह गर्नुपर्ने भएकाले उनी केही हदसम्म चिन्तित पनि थिए । आफ्नो भूमिका दर्शकले रुचाउने हुन् कि होइनन् ? दर्शकलाई आफ्नो भूमिका कहीं बनाबटी लाग्ने त होइन ? उनलाई यस्तै चिन्ताले सताइरहेको थियो । यस्तोमा उनको मनमा आफ्नो भूमिकाको परीक्षा गर्ने विचार आयो ।



एक दिन उनी रिक्साचालकको सामान्य कपडा लगाएर सडकमा निस्किए । यताउता घुमे र एउटा पान पसलसामु पुगे । केही समयसम्म उनी चुपचाप पसलअगाडि रोकिए । अनि एउटा अनपढ गाउँले रिक्साचालककै शैलीमा उनले पान पसलेसित भने- साहुजी ! मलाई एक प्याकेट चुरोट दिनुस् त ! पसलेले यसो टाउको उठाएर ग्राहकतिर हेऱ्यो । अगाडि एउटा गरिब गाउँले रिक्साचालक उभिएको थियो । उसको काँधमा एउटा मैलोधैलो तौलिया थियो भने शरीरमा त्यस्तै साधारण कपडा । त्यो देखेर उसले हप्काउँदै भन्यो- भाग् यहाँबाट ! बडो आयो चुरोटको प्याकेट किन्नेवाला ! पसलेको व्यवहारले साहनी निकै खुसी भए । उनी आफू सामान्य गरिब रिक्साचालकजस्तै देखिएकोमा विश्वस्त भए । अब आफूले रिक्साचालकको भूमिका राम्ररी निभाउन सक्ने उनलाई विश्वास भयो ।

साँच्चै उनको विश्वासजस्तै उनको सो चलचित्र सुपरहिट साबित भयो । उनको रिक्साचालकको भूमिकालाई यस सफलताको श्रेय दिइयो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सांसदमा नैतिकता छ कि छैन ?

आइतबारको नयाँ पत्रिकाको मुख्य समाचारमा सांसदहरूले लिँदै आएका सुविधाबारे पढ्न पाइयो । यसले हाम्रा जनप्रतिनिधिहरूको राजनीतिक नैतिकतामा प्रश्न उठाएको छ । अब हरेक स्तरमा हुने पार्टीका प्रतिनिधिले के-के सुविधा लिने र के-के नलिने स्पष्ट हुनुपर्ने देखिन्छ । राजधानीमा घर हुने सांसदले मर्मत खर्चसमेत राज्यबाट बुझ्नु सरासर राज्यकोषमाथिको लुट हो । सांसदले तलब किन बुझ्छन् ? के त्यो तलब घर मर्मत गर्नेदेखि अन्य आवश्यक कार्यमा खर्च गर्न दिइएको होइन र ? सामान्य जनताले सिटामोलसमेत निःशुल्क पाउन नसक्ने देशका जनप्रतिनिधिले घर मर्मत खर्च, टेलिफोन खर्च, पत्रपत्रिका खर्चजस्ता अनेक शीर्षकमा सुविधा लिनु राज्यकोषमाथिको लुटपाट हो । के हाम्रा सांसदमा नैतिकता छैन हो ?

● **हेमकुमार थापा**, भक्तपुर
hemkth@yahoo.com

सांसदलाई घरभाडा बढी भयो

एमाले सांसद सम्झना थपलिया र कांग्रेस सांसद रूपा विकले सरकारले दिने मासिक १८ हजार घरभाडाले आफूहरूलाई नपुग्ने गुनासो गरेका रहेछन् । उनीहरूको भनाइ पढेपछि केही प्रश्न सोध्न मन लाग्यो । काठमाडौंमा चार-पाँच हजारमा सजिलै कोठा पाइन्छ । तर, तपाईंहरूचाहिँ १८ हजारको फ्लाटमा बस्नुपर्ने किन ? सुविधा कम भयो भने राजनीति छाडेर व्यापार गर्नुस् न !

● **अपूर्व नेपाली**
गोठाटार, काठमाडौं

सुविधा नपुगे राजनीति छाड

सांसदहरूले आफूहरूलाई सुविधा कम भयो भनी गुनासो गरेका रहेछन् । नेताहरूले राजनीतिलाई सेवा भन्ने गर्छन् । जब राजनीति सेवा हो भने त्यसकै नाममा राज्यकोषको दोहन गर्न कहाँ पाइन्छ ? हाम्रा सांसदहरूले सुविधा कम भयो भन्छन् भने खुरुक्क सांसद पदबाट राजीनामा दिएर पैसा कमाउने कुनै व्यवसाय गर्नुपर्छ । यसरी राज्यकोष नै रित्याउने गरी सुविधामाथि सुविधाको माग गर्न पाइन्न ।

● **सुनिता राई**
घट्टेकुलो, काठमाडौं

नेताहरूको पदप्रतिको आसक्ति

तीन महिनाअघि मात्र जनताको अदालतमा परिक्षित भएर सजाय पाएका अर्थात् निर्वाचनमा पराजित भएका नेताहरू पुनः तीन महिनापछि नै चोरबाटोबाट उम्मेदवार बन्नु जनताको अपमानका साथै लोकतन्त्रको पनि उपहास हो । यस्तै अनैतिक कार्यले नेता र राजनीतिप्रति आमजनताको वितृष्णा बढेको हो । ठूला पार्टी र ठूला नेताले जे गरे पनि हुने, उनीहरूलाई लोकतन्त्रको मर्म र आचरणले छुँदैनछुनेजस्तो गरी काम गर्दा आज पुराना पार्टी र तिनका नेताप्रति प्रश्न उठेका छन् । यस्तै विकृति बढेका कारण नै आमजनता वैकल्पिक राजनीतिक दलतिर ओइरिन थालेका छन् । यसैको प्रतिक्रियास्वरूप स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीलगायत दल ठूला शक्तिको रूपमा उदाएका छन् । तैपनि, हाम्रा पुराना र ठूला भनिने दलका ठूला नेताहरूको चेत खुलेको छैन । उनीहरू अझै पनि राजनीति जसरी चलाए पनि हुन्छ, जसलाई टिकट दिए पनि हुन्छ, जसलाई मन्त्री बनाए पनि हुन्छ भन्ने गलत मानसिकता बोकेर हिँडिरहेका छन् । जसले हाम्रो देशको लोकतन्त्रलाई विकृत बनाएको छ ।

ठूला पार्टी र ठूला नेताको मानसिकता नसुध्रिनु हामी सम्पूर्ण नेपालीको दुर्भाग्य हो । र त्यसलाई सुधार्ने जिम्मा यतिखेर तपाईं हाम्रै काँधमा आएको छ । गल्ती गर्ने पार्टी र नेताहरूलाई मतपत्रमार्फत सजाय दिने वेला आएको छ । तीन महिनाअघि मात्र जनताले तिमीहरू जित्न योग्य छैनौ भनेर पराजित गराएका केही उम्मेदवारले पुनः तीन महिनापछि नै उम्मेदवार बनेर आममतदातालाई ठाडै चुनौती दिएका छन् । यसबारे सम्बन्धित क्षेत्रका आममतदाता समयमै सचेत बनून् ।

● **गोपाल देवकोटा**, कामनपा ७, गौरीनगर, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

हिन्दू राष्ट्रवादको रणमैदान बन्दै विद्यालयका पाठ्यपुस्तक

भारतमा पाठ्यपुस्तकमा गरिएको हेरफेरलाई मुसलमानका योगदानलाई मेटाउने वा कम आँक्ने र हिन्दूको गुणगान गाउने नीतिको निरन्तरता मानिँदै छ



देश / विदेश

● सन्या मन्सुर

भारतको राष्ट्रिय शैक्षिक अनुसन्धान एवं प्रशिक्षण परिषद् (एनसिइआरटी)ले यही अप्रिलमा विद्यालयको पाठ्यपुस्तकबाट मुगल साम्राज्यकालको (यो समयमा भारतमा मुसलमानको शासन थियो) इतिहाससँग सम्बन्धित महत्त्वपूर्ण पाठ हटाएसँगै पाठ्यपुस्तक हिन्दू राष्ट्रवादको सबैभन्दा पछिल्लो चरणको रणमैदान बनेको छ ।

पाठ्यक्रममा गरिएको परिवर्तनलाई लिएर हालैका दिनमा सामाजिक सञ्जालमा तीव्र आलोचनात्मक प्रतिक्रिया आएका छन् । एनसिइआरटीका पाठ्यपुस्तक पढ्ने भारतका कक्षा १२ का विद्यार्थीले अब सन् १५०० देखि सन् १७०० को मध्यसम्म शासन गरेका मुगल साम्राज्यमा आधारित पाठ पढ्न पाउनेछैनन् । यी पाठ्यपुस्तकलाई मुलुकका हजारौं विद्यालयले प्रयोग गर्छन् । मुलुककै सबैभन्दा बढी जनसंख्या भएको उत्तर प्रदेश राज्यले यही सातादेखि पाठ्यपुस्तकलाई विद्यालयमा पढाउन सुरु गर्ने घोषणा गरेको छ ।

एनसिइआरटीका निर्देशक दिनेशप्रसाद सक्लानीले कोभिड-१९ का कारण विद्यार्थीको पाठ्यबोझ घटाउन उल्लिखित पाठ हटाइएको बताएका छन् । तर, कैयौं विज्ञका अनुसार पुस्तकमा यी पाठ हटाउनुका पछाडि भारतीय राजनीतिमा भारत एक धर्म मात्रको मुलुक हो भनेर जोड दिने भाजपा जिम्मेवार रहेको छ ।

जवाहरलाल नेहरू विश्वविद्यालयमा चार दशकभन्दा बढी समय प्राध्यापन गरेका भारतीय इतिहासकार आदित्य मुखर्जी 'उनीहरूले पाठ्यक्रममा हेरफेर ल्याउनुमा राजनीति जिम्मेवार नभएको दाबी गरेका छन् । तर, यी पाठ हटाउनुका पछाडि कोभिडसँग कुनै सम्बन्ध छैन । वास्तवमा सम्बन्ध राजनीतिसँगै जोडिएको' बताउँछन् ।

भारतीय दैनिक इन्डियन एक्सप्रेसले पाठ्यक्रममा हेरफेरबारे एनसिइआरटीको बयानलाई 'कमजोर' बताएको छ । एक्सप्रेसले कडा शब्दमा लेखेको सम्पादकीयमा सरकार 'आफूलाई नरुच्ने तथ्य'बाट भाग्न खोजेको उल्लेख गरेको छ ।

मध्ययुगीन भारतको इतिहासकार हरवंश मुखिया सन् २०१४ मा सत्तामा आएको मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) अर्को वर्ष सन् २०२४ मा हुने आमनिर्वाचनमा हिन्दूलाई मुसलमानबाट खतरा छ भन्ने भाष्यलाई बलियो बनाएर चुनाव जित्ने रणनीति लागू गरिरहेको बताउँछन् । जब कि भारतमा करिब ८० प्रतिशत जनता हिन्दू छन् भने मुसलमान १४ प्रतिशत छन् । विभिन्न इतिहासकार पाठ्यपुस्तकमा गरिएको हेरफेर भारतमा मुसलमानका योगदानलाई मेटाउने वा कम आँक्ने र सँगसँगै हिन्दूको गुणगान गाउने नीतिको निरन्तरता भएको तर्क गर्छन् । केही भाजपा नेताले हेरफेरको बचाउसमेत गरेका छन् । एक नेता कपिल मिश्राले ३ अप्रिलमा मुगल सम्राटको स्थान 'इतिहासको किताबमा नभई रद्दीको टोकरीमा' भएको भन्दै ट्विट् गरेका छन् । मोदीले पनि गत वर्ष मोटामोटी भाषामा भारतीय इतिहासमा 'कपोलकल्पित भाष्य' रहेको र यसलाई बदल्नुपर्ने बताएका थिए ।

राजनीतिक विवादका कारण इतिहासकारहरू परिवर्तित पाठ्यक्रम पढ्ने विद्यार्थीमा प्रभाव पर्ने भन्दै चिन्तित भएका छन् । 'तपाईं मुगल साम्राज्यलाई नबुझीकन आधुनिक भारतलाई बुझ्नै सक्नुहुन्न, तसर्थ यो कदम मूर्खतापूर्ण र आफैंलाई क्षति पुऱ्याउने गरी आफ्नो उत्पत्तिप्रतिको अनभिज्ञता स्विकारेको देखिन्छ,' रुट्जर्स विश्वविद्यालयको दक्षिण एसियाली इतिहासकी सहप्राध्यापक अड्रे ट्रुस्के बताउँछिन् । 'पाठ्यपुस्तकबाट हटाउँदैमा भारतीय इतिहासबाट मुगल साम्राज्य नहट्ने उनले दाबी गरिन् ।

मुगल प्रभाव अझै पनि भारतीय संस्कृतिमा देख्न सकिन्छ । भारत स्वतन्त्र भएपछि तत्कालीन प्रधानमन्त्री



तस्बिर : सौम्यब्रता रोय/नुरफोटो/सटरस्टक

नेहरूले मुगल सम्राट शाहजहाँले निर्माण गरेको लाल किल्लाबाट जनतालाई सम्बोधन गरेका थिए । वास्तवमा मुगल सम्राटले ताजमहलजस्ता भारतका चर्चित स्मारक निर्माण गराएका थिए । बिरयानीलगायत स्वादिष्ट पकवानको विकास मुगलकालमै भएको थियो । त्यसैगरी, पुरुषले पहिरिने कुर्ता-पाइजामा र महिलाको सलवार-कमिज पनि मुगलकालमै बनेको हो । मुगल साम्राज्यमै कत्थक नृत्य र भारतीय शास्त्रीय संगीत फलेफुलेको थियो । त्यतिमात्रै नभई हिन्दी, उर्दुजस्ता भारतीय भाषाको विकास पनि मुगलकालमै भएको हो ।

पाठ्यसामाग्रीबारे भएको यो विवाद पहिलो होइन । एनसिइआरटी भारतले स्वतन्त्रता हासिल गरेपछि सन् १९६१ मा स्थापना भएको हो । मुलुकको इतिहासलाई पाठ्यक्रममा समावेश गराउन इतिहासकार एवं प्राज्ञको समिति गठन गरिएको थियो । त्यसपछि भाजपा र अन्य दक्षिणपन्थी दलले सन् १९७० र सन् २००० का सुरुवाती वर्षमा परिवर्तन गर्ने प्रयास गरेका थिए, तर यी प्रयास विभिन्न इतिहासकारको प्रतिरोधका कारण सम्भव हुन सकेन । सन् २००० को सुरुवातमा प्रधानमन्त्री मोदीसमेत सदस्य रहेका चरमपन्थी हिन्दू समूह राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)ले तल्लो जातका भारतीयमाथिको उत्पीडन र नाथुराम गोड्सेले गान्धी हत्या गरेको घटनालाई हटाउन एनसिइआरटीलाई दबाब दिएको थियो (केही इतिहासकारका अनुसार गोड्से आरएसएसका सदस्य थिए) ।

मुसलमान वा मुगल साम्राज्यसँग जोडिने सहरको नाम फेरेर, बढ्दो उग्रराष्ट्रवादी बलिवुड चलचित्रको निर्माण, नेताले हिन्दू किंवदन्तीलाई इतिहासका रूपमा देखाउने घटना, खुल्लमखुल्ला मुसलमान नरसंहारको आह्वान गर्नेलाई कारबाही नगर्नेलगायत मुसलमान प्रभावलाई घटाउन खोज्ने प्रयासकै पछिल्लो कडी पाठ्यक्रम परिवर्तन हो । विद्यालयमा वास्तविक इतिहास मेटिँदा केही संस्थाले वास्तविक इतिहासलाई जनतासमक्ष प्रस्तुत गर्ने प्रयास गरिरहेका छन् ।

प्रतिष्ठित इतिहासकारसँगको संवादलाई निःशुल्क अनलाइन प्रसारण गर्ने कारवान समूहका संस्थापक इशान शर्मा 'इन्टरनेट एक उदार माध्यम हो यसले हामीपछिका पुस्ताका लागि सूचना भण्डार निर्माण गर्ने सुविधा उपलब्ध' गराउने बताउँछन् । तर, इशान शर्माहरूको प्रयास एनसिइआरटीको पाठ्यपुस्तकमा भएको परिवर्तनको प्रभाव सामना पर्याप्त नहुन सक्छ । 'राजनीतिक परिवर्तन नभईकन हामी यसको सामना गर्न सक्दैनौं,' इतिहासकार मुखर्जी बताउँछन् ।

(मन्सुर टाइमकी पत्रकार हुन्)
टाइमबाट



गणपति ५ जेठमा

सबिन अधिकारीले निर्देशन गरेको चलचित्र 'गणपति' जेठ ५ गतेबाट प्रदर्शनमा आउने भएको छ। लक्ष्मण थापाले निर्माण गरेको यस चलचित्रलाई हरिबहादुर घलेले खिचेका हुन्। चलचित्रमा मुकुन भुसाल, मेनुका प्रधान, कविता न्यौपाने, सूर्यमाला खनाल, जयनन्द लामा, प्रकाश घिमिरेलगायतको अभिनय छ।



पत्रकार थपलियाको म त सधैँ तिम्रै हुँ सार्वजनिक

वरिष्ठ पत्रकार गोपालप्रसाद थपलियाको शब्दमा नयाँ गीत 'म त सधैँ तिम्रै हुँ पियारी' सार्वजनिक भएको छ। गीतमा गायक निशान भट्टराई र मेलिना राईको स्वर रहेको छ। गीतको भिडियोमा गौरव थपलिया र उषा उप्रेतीको अभिनय देख्न सकिन्छ। भिडियोमा पत्रकार थपलिया स्वयं श्रीमती सुशीलाका साथ अभिनयमा प्रस्तुत भएका छन्।

यसरी बनाउन सकिन्छ मनमोहक बगैँचा



पवन बराइली

पछिल्लो समय दसैँ-तिहार, विवाह तथा विशेष समारोहका अवसरमा मात्रै नभएर घरको बैठक कोठामा, ढोकाको प्रवेशद्वार, विवाह उत्सवको हल, सभाकक्ष, घरको भर्‍याङ, डाइनिङ टेबलसमेतमा फूल सजिन्छन्। अर्को, कसैलाई बधाई, शुभकामना र प्रेम प्रकट गर्न पनि फूलकै प्रयोग गरिन्छ। अहिले फूलको बगैँचा बनाएर घर सिँगार्ने चलन बढ्दो छ। सहरी क्षेत्रमा बगैँचा बनाउनका लागि सबैसँग पर्याप्त जग्गा हुँदैन। यद्यपि, सानो ठाउँमा पनि आकर्षक बगैँचा तयार गर्न सकिन्छ। यसले घरको सुन्दरता पनि बढाउन सहयोग पुग्छ। तर, घरमा कुन मौसममा कस्तो फूल रोप्नेबारे अधिकांशलाई थाहा नहुन पनि सक्छ। त्यसैले घरमा सधैँ आकर्षक देखिने मौसम र माटोसुहाउँदो फूल रोप्नुपर्छ।

काठमाडौं बुढानीलकण्ठस्थित एसआर नर्सरीका सञ्चालक सुनील स्याङ्तान सानो क्षेत्रफल भएको ठाउँमा धेरै प्रजातिका फूल लगाउन सकिने बताउँछन्। उनी भन्छन्, 'जग्गाको क्षेत्रफल र मौसमअनुकूलताअनुसार फूलका प्रजातिको छनोट गर्नुपर्छ।

त्यसमा पनि फूल फुल्ने र नफुल्ने बिरुवा मिलाएर रोप्नुपर्ने हुन्छ।' त्यस्तै, कीर्तिपुरस्थित थापा नर्सरीका सञ्चालक कृष्ण थापा पनि जग्गाको क्षेत्रफलअनुसार बगैँचाको डिजाइन गर्नुपर्ने बताउँछन्। 'फुल्ने तथा नफुल्ने धेरै प्रजातिका फूल पाइन्छन्। तर, बगैँचामा सबै प्रजातिका फूल लगाउन सम्भव हुँदैन। त्यसैले मौसमी फूल वा एकपटक फुल्ने तर वर्षभरि रहने फूल पनि रोप्न सकिन्छ,' उनले भने।

थापाका अनुसार घरको बगैँचा बनाउँदा धेरै हेरचाह गर्नुनपर्ने जातका फूल छनोटमा विचार पुर्‍याउनुपर्छ। उनी भन्छन्, 'घरको कुन स्थानमा गार्डेन बनाउने भन्ने कुराले पनि अर्थ राख्छ। घाम लाग्ने ठाउँमा र माटो मलिलो भएको ठाउँमा रोपेका फूल राम्ररी फस्टाउँछन्। कहाँ, कुन प्रजातिको फूल रोप्ने, मौसमी फूल वा बाह्रै मास फुल्ने फूल रोप्ने, कहाँ गमला राख्ने भन्नेबारे विचार गरेर मात्रै फूल रोप्नुपर्छ।

स्याङ्तान पनि घरमा बगैँचा बनाउन ठाउँ र हावापानी पनि ख्याल नराखी नहुने बताउँछन्। 'बजारमा फूल नफुल्ने आकर्षक बिरुवा पनि छान्न सकिन्छ। धेरैजसोको रोजाइमा मौसमी फूल पर्ने भए पनि केहीको चाहना बहुवर्षे फूलमा पनि देखिन्छ। यो मौसमा सजिलै सर्ने भएकाले यसको फैलावट गर्न सजिलो हुन्छ।'

बगैँचामा एक सय २० जातका फूलका बिरुवा रोप्न मिल्छ। जाडोभन्दा गर्मी मौसममा दोब्बर संख्यामा फूलका बिरुवा भित्रिन्छ। स्याङ्तान थप्छन्, 'अहिले बिरुवाको पुरानो पात झरेर नयाँ पात हरियो भएर आउने सिजन हो। जाडो महिनामा सुक्खा हुने भएकाले फूल फुलेको हुँदैन। गर्मीमा बिरुवाको प्रशस्तै वृद्धि विकास हुन्छ। फूलको प्रकार पनि जाडो महिनाभन्दा गर्मी मौसममा धेरै आउँछ।'


कस्तो फूल रोप्ने ?

घरको बगैँचामा गार्डेनिया, हाइडेन्जिया, एजेलिया, क्यामेलियालगायत चमेलीका विभिन्न जातका फूल रोप्न सकिन्छ। अरब चमेली, सेतो चमेली, वन चमेली, शीतकालीन चमेली, स्पेनिस चमेलीलगायत विभिन्न प्रजाति र रङमा चमेलीका फूल पाइन्छन्। यो फूल वसन्त ऋतुको आगमनदेखि शरद ऋतुसम्म फुल्छ। यस्तै, सयपत्री, बोनान्जा, जिनिया, साल्भिया, सोलिसियालगायतका मौसमी फूल लगाउन सकिन्छ।

अहिले जिरानियम, गुलाब, डेलिया, लालुपातेलगायतका फूलमा पनि मानिसको चाख बढ्दै गएको छ। रातो, सुन्तला, पहेँलो, निलो, हल्का पिंक, बैजनीजस्ता रङका फूल फुल्ने बिरुवामा अधिकांशको चासो हुने गरेको छ। सुन्दर र मगमग बास्ना आउने भएकाले धेरैले गमलामा लगाउने गरेका छन्।

बगैँचामा अम्बा, एभोकाडो, स्याउ, कागती, जुनार, सुन्तला, स्ट्रबेरी, चेरी, लिजजस्ता हाइब्रिड फलफूलका बिरुवा पनि रोप्न सकिने थापा नर्सरीका सञ्चालक कृष्ण थापा सुझाउँछन्। उनी भन्छन्, 'फूल रोप्दा फूलको प्रजातिअनुसार दूरीको ख्याल राख्नुपर्छ। फूलको बिरुवा र गार्डेनलाई कस्तो बनावट दिने भन्नेबारे पनि विचार पुर्‍याउनुपर्छ। मौसमी फूललाई हेरचाह पनि गरिहनुपर्छ। फूलसँग उम्रने झार हटाइदिनुपर्छ, नत्र झारका कारण फूलमा रोग लाग्ने जोखिम पनि हुन्छ। त्यसैले वेलावेलामा गोडमेल, मलजल गर्नुपर्छ।'

यी हुन् शरीरमा कोलेस्ट्रोल बढ्न नदिने उपाय





डा. खेमराज भुसाल
कन्सल्टेन्ट फिजिसियन
त्रिवि शिक्षण अस्पताल

कोलेस्ट्रोल बढ्दाको प्रारम्भिक चरणमा मानिसमा लक्षण देखिँदैन। तर, पछि गएर यसले ठूलै समस्या पार्न सक्छ। कतिपयको जीवनशैली राम्रो भए पनि कोलेस्ट्रोलको मात्रा बढिरहेको हुन्छ, यसमा भने वंशानुगत कारणले भूमिका खेलेको हुन्छ। यस्ता मानिसमा कोलेस्ट्रोल पचाउने क्षमता निकै कम हुन्छ। यस्तो समस्याले कहिलेकाहीँ एक पुस्ताको ग्याप गरेर पनि सताउन सक्छ। त्यसैले २० वर्ष नाघेको मानिसले कोलेस्ट्रोलको स्तर जाँच गराउँदा राम्रो हुन्छ। अझ दीर्घरोगीले जतिसक्दो चाँडो परीक्षण गराउन जरुरी हुन्छ।

कोलेस्ट्रोल लक्षण लिएर आउँदैन। त्यसैले परीक्षण गर्नुपर्छ। कोलेस्ट्रोलको मात्रा धेरै बढेपछि मात्रै प्यारालाइसिस, हृदयाघात हुन सक्छ। यसको नियन्त्रणका लागि विभिन्न उपाय अवलम्बन गर्न सकिन्छ।

नियन्त्रणका उपाय

- कोलेस्ट्रोल नियन्त्रण गर्न दैनिक कम्तीमा एक घन्टा व्यायाम गर्ने।
- वनस्पतिजन्य खानेकुरामा बढी जोड दिने, मासु कम खाने।
- तारेको, भुटेको तथा चिल्लो खानेकुरालाई सकेसम्म कम गर्ने।
- मदिरा सेवन नगर्ने। जसले ब्लडप्रेसर, डाइबिटिजलगायतका समस्या पनि निम्त्याउँछ। विशेषगरी, बियरले ट्राइग्लिसाइडको मात्रा बढाउँछ।
- चुरोटको सेवनले शरीरमा गुड कोलेस्ट्रोलको मात्रा घट्न थाल्छ। र, यसमा भएका निकोटिन र अन्य हानिकारक पदार्थले शरीरमा भएको गुड कोलेस्ट्रोललाई पनि ब्याडमा परिवर्तन गर्छ। र, यस्तो कोलेस्ट्रोल ब्लकेज गर्ने गरी विकास हुन्छ। त्यसैले धूम्रपान पनि बन्द गर्नुपर्छ।

बाँसको तामाका फाइदा...

- बाँसको तामामा कम कार्बोहाइड्रेड हुने हुँदा यो मधुमेह रोगीका लागि फाइदाजनक छ।
- बाँसको तामामा न्यून क्यालोरी हुने हुँदा वजन घटाउन मद्दत पुर्‍याउँछ।
- पाचन प्रक्रियामा समस्या हुनेले पनि नियमित तामा खाँदा राम्रो हुन्छ।
- पिसाबमा संक्रमण भएका बिरामीले तामा खाँदा औषधिको काम गर्छ।
- गर्भवती महिलालाई अन्तिम महिनातिर तामा खुवाउनाले समयमा बच्चा जन्मिन्छ।
- ग्यास्ट्रिक र अल्सरका लागि पनि तामा राम्रो मानिन्छ।



- नियमित तामाको परिकारले क्यान्सर हुने डर कम हुन्छ।
- तामाले मुटुसम्बन्धी रोगको सम्भावनालाई कम गर्छ। त्यसैले तामालाई मुटुको स्वास्थ्यमैत्री खाद्य परिकार मानिन्छ।
- तामाले कोलेस्ट्रोल सन्तुलन गर्ने काम गर्छ।
- आन्तरिक तथा बाह्य रूपमा हुने मानिसका विभिन्न घाउ तथा चोट ठीक गर्न उपयोगी छ।
- रक्तचापलाई नियन्त्रणमा राख्न भूमिका खेलेको हुन्छ।
- बाँसको तामा फोक्सोसम्बन्धी बिमारीलाई अति उपयोगी मानिन्छ।

वसन्त चौधरीको 'आहाना' लोकार्पण

कवि तथा गीतकार वसन्त चौधरीले आफ्नी नातिनी आहाना शाक्य (चौधरी)को जन्मदिनको अवसरमा बालकवितासंग्रह 'आहाना' सार्वजनिक गरेका छन्। आइतबार ललितपुरको खुमलटारस्थित प्रिमियर इन्टरनेसनल स्कुलको सभाहलमा आयोजित एक समारोहका बीच कवि चौधरीले लेखेको बालकवितासंग्रह 'आहाना' विमोचन गरिएको हो।



कवि चौधरीले आफ्नो साहित्यिक जीवनकै पहिलो बालकवितासंग्रह प्रकाशन गरेका हुन्। यसअघि उनका कविता तथा गीतहरूका २० वटाभन्दा बढी संग्रह प्रकाशित भइसकेका छन्। कवि चौधरी, उनकी पुत्री मेघा चौधरी, नातिनी आहाना शाक्य (चौधरी) तथा आहानाका पिता पारस शाक्य र बालबालिकाले बालकवितासंग्रह 'आहाना'को सामूहिक लोकार्पण गरेका थिए। बालकवितासंग्रह नेपाली र अंग्रेजी दुवै भाषामा उपलब्ध छ। 'कोपिला किताब'ले प्रकाशन गरेको आहानामा चौधरीका ५६ वटा बालकविता समेटिएका छन्।

कवितासंग्रह विमोचन समारोहमा बोल्दै कवि वसन्त चौधरीले आफू निकै खुसी भएको उल्लेख गर्दै भने, 'यस्तो लागिरहेछ कि वसन्तको आगमन फेरि भएको छ। मन प्रफुल्लित छ।'

नबिल बैंक लिमिटेड, पर्सा बजार शाखा, चितवन तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/१२/२७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०४/२८ मा दर्ता नं. २२१३००/०७६/०७७ अन्तर्गत दर्ता भएको **श्री सम्बृद्दि ह्यायचरी प्रा. लि.**।

ठेगानाः चितवन जिल्ला राप्ती न. पा. वडा नं. ०९, शितलचोक, चितवन।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कपिलदेव कडेलको छोरी, चुडामणी डल्लाकोटीको बुहारी सिताराम डल्लाकोटीको श्रीमती चितवन जिल्ला चैनपुर गा.वि.स वडा नं. २ स्थायी घर भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ बस्ने, ना.प्र.नं. ८४१४/०६३ (जारी मितिः २०६३/०२/१०, स्थान चितवन) भएकी **श्रीमती रिता डल्लाकोटी**।

२. गंगाधर डल्लाकोटीको नाति चुडामणी डल्लाकोटीको छोरा चितवन जिल्ला चैनपुर गा.वि.स वडा नं. २ स्थायी घर भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ बस्ने ना.प्र.नं. ८२८/०४४ (जारी मितिः २०५७/०७/१५, स्थान चितवन) भएका **श्री सिताराम डल्लाकोटी**।

३. इन्द्र प्रसाद बर्तौलाकी छोरी, गंगाधर डल्लाकोटीको बुहारी चुडामणी डल्लाकोटीको श्रीमती चितवन जिल्ला चैनपुर गा.वि.स वडा नं. २ स्थायी घर भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ बस्ने, ना.प्र.नं. ३५११९० (जारी मितिः २०४५/०२/१७, स्थान चितवन) भएकी **श्रीमती नरमाया डल्लाकोटी**।

४. शिव शंकर डल्लाकोटीको नाति गंगाधर डल्लाकोटीको छोरा चितवन जिल्ला हाजीपुर गा.वि.स वडा नं. ९ स्थायी घर भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ बस्ने ना.प्र.नं. १८५२ (जारी मितिः २०३६/०७/२३, स्थान चितवन) भएका **श्री चुडामणी डल्लाकोटी**।

धितोको विवरणः

धितोमा रहेको घर/जग्गाको विवरणः

१. **श्री सम्बृद्दि ह्यायचरी प्रा. लि.**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला बिरेन्द्रनगर गा.वि.स वडा नं. ०६ सिट नं.६ख कित्ता नं ४३७ को क्षेत्रफल ०-१६-०-० विघा का घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

२. **श्री सम्बृद्दि ह्यायचरी प्रा. लि.**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला बिरेन्द्रनगर गा.वि.स वडा नं. ०६ सिट नं.६ख कित्ता नं ७४३ र ७४४ को क्षेत्रफल १,२८६.९७ र ५,८२४.२७ वर्ग मिटर का घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

३. चितवन जिल्ला हाजीपुर गा.वि.स वडा नं. ९ स्थायी घर भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ बस्ने **श्री चुडामणी डल्लाकोटी**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला हाजीपुर गा.वि.स. वडा नं. ०७ सिट नं.७क कित्ता नं ३०२७ को क्षेत्रफल १६९३.१५ वर्ग मिटरका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०७९/१२/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ। साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

कपिलवस्तु शाखा, कपिलवस्तु

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, घरेलु तथा साना विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा प्रा.फ.नं.घ.उ.का. ५५०५/०७२ अन्तर्गत मिति २०७२/०१/२८ मा दर्ता श्रेष्ता कायम भएको **महत फर्निचर उद्योग** फर्म दर्ता ठेगाना : वाणगंगा न.पा. वडा न. ८, भक्तौली, कपिलवस्तु स्थायी लेखा नं. ६०१७७०९००, मिति २०७१/०१/०४ **प्रोप्राइटर : लाल कुमार महत क्षेत्री** ना.प्र.नं. ८/१०५४ जारी मिति २०५१/१०/१२, जि.प्र.का. कपिलवस्तु बाबुको नाम : लाल बहादुर महत क्षेत्री बाजेको नाम : समांन महत स्थायी ठेगाना : गजेहडा - ९, कपिलवस्तु हालको ठेगाना : वाणगंगा न.पा. वडा न. ३, भक्तौली, कपिलवस्तु **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**मिना कुमारी राना** ना.प्र.नं. १४३७२ जारी मिति २०५४/०३/१७ जि.प्र.का. कपिलवस्तु बाबुको नाम : दुर्गा बहादुर राना पतिको नाम : लाल कुमार महत क्षेत्री ससुराको नाम : लाल बहादुर महत क्षेत्री स्थायी ठेगाना : गजेहडा - ३, कपिलवस्तु हालको ठेगाना : वाणगंगा न.पा. वडा न. ३, भक्तौली, कपिलवस्तु

धितो विवरण

सम्मान महत क्षेत्रीको नाती, लाल बहादुर महत क्षेत्रीको छोरा, लाल कुमार महत क्षेत्रीको नाममा मालपोत कार्यालय, कपिलवस्तुमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. ९ ख स्थित कित्ता नं. ८०८ को क्षेत्रफल क्रमशः ०-३-१५-० विगाहा वा १,२६९.९० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

अनामनगर शाखा, काठमाडौं

ऋणीको विवरण

फुर्वा शेर्पा
ना.प्र.नं. ४५१०५, जारी मिति २०५६/०७/०९, जि.प्र.का. मोरङ्ग
बाबुको नाम : मिङ्मा शेर्पा
बाजेको नाम : पेम्बा शेर्पा
स्थायी ठेगाना : विराटनगर - ६, मोरङ्ग
हालको ठेगाना : कागेश्वरी मनोहरा न.पा. वडा नं. १३, काठमाडौं
कर्जा शिर्षक : सवारी साधन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

कामी निमा शेर्पा	**सान्ती देवी शेर्पा**
ना.प्र.नं. ११३००३/१०७	ना.प्र.नं. ५९९/१७३
जारी मिति २०६३/११/२०, जि.प्र.का. सोलुखुम्बु	जारी मिति २०४६/०६/३०, जि.प्र.का.भोजपुर
बाबुको नाम : कामी छिरिङ शेर्पा	पतिको नाम : मिङ्मा शेर्पा
पतिको नाम : फुर्वा शेर्पा,	ससुराको नाम : पेम्बा शेर्पा
ससुराको नाम : मिङ्मा शेर्पा	स्थायी ठेगाना : बोखिम - ५, भोजपुर
स्थायी ठेगाना : चौरीखर्क - ३, सोलुखुम्बु	हालको ठेगाना : कागेश्वरी मनोहरा न.पा.
हालको ठेगाना : कागेश्वरी मनोहरा न.पा. वडा नं. १३, काठमाडौं	वडा नं. १३, काठमाडौं

धितोको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	च्यासिस नं.	इन्जिन नं.
Renault Captur DSL RXT Dual	Ba 19 Cha 9379	2018	MEERHA006HB002115	E023092

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्ने छ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र बापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २७ चैत ०७९

बाटो खुल्यो ब्रोकर लाइसेन्स र नयाँ स्टक एक्सचेन्जको

सर्वोच्चले बाटो खोलिदिएपछि केही दिनमै नयाँ स्टक एक्सचेन्ज र कमोडिटी एक्सचेन्जका लागि पुनः नयाँ आवेदन खुला गर्ने धितोपत्र बोर्डको तयारी

भोजराज भण्डारी/नयाँ पत्रिका

सर्वोच्च अदालतले सात महिनादेखि रोकिएको नयाँ स्टक एक्सचेन्ज, कमोडिटी एक्सचेन्ज र ब्रोकरको लाइसेन्स वितरण प्रक्रिया खुला गरिदिएको छ। आइतबार न्यायाधीश अनिलकुमार सिन्हा र सुष्मालता माथेको संयुक्त इजलासले लाइसेन्स वितरण प्रक्रिया रोक्न माग गर्दै सर्वोच्चमा दायर गरेको रिट खारेज गर्दै धितोपत्र बोर्डलाई लाइसेन्स दिने बाटो खुला गरिदिएको हो। संवैधानिक इजलासमा अधिवक्ता अमृत खरेलले नयाँ स्टक एक्सचेन्ज, कमोडिटी एक्सचेन्ज र ब्रोकरको लाइसेन्स वितरणका लागि गरिएको नियमावली संशोधन संविधानबमोजिम नभएको भन्दै खारेज गर्न माग गर्दै रिट दायर गरेका थिए।

१३ पुस ०७९ मा गरेको फैसलाले उक्त रिट संवैधानिक इजलासले खारेज गरिसकेको छ। उक्त रिट खारेज गर्ने फैसलाको पूर्णपाठ गत बुधबार सार्वजनिक भएको थियो। कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र सपना मल्ल प्रधानको संवैधानिक इजलासले उक्त मुद्दाको फैसला गरेका थिए।

उक्त संवैधानिक इजलासले यस मुद्दालाई संयुक्त इजलासबाटै टुंग्याउनुपर्ने आदेश दिएको थियो। त्यस्तै, संयुक्त इजलासमा ब्रोकर लाइसेन्ससम्बन्धी रिट निवेदक अधिवक्ता दीपकविक्रम मिश्रले धितोपत्र बोर्डले सुरु गरेको लाइसेन्स वितरण प्रक्रिया रोक्न माग गर्दै ३१ असोजका दिन सर्वोच्चमा रिट दायर गरेका थिए।

उक्त रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै ४ कात्तिकमा न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले वितरणको कार्य तत्काल अगाडि नबढाउन अल्पकालीन अन्तरिम आदेश दिएको थियो। त्यस्तै, २९ कात्तिकमा निर्णय फाइल झिकाउने आदेश भएको थियो भने ५ पुसमा पूर्ण सुनुवाइका लागि पेस गर्ने र अग्राधिकार दिने आदेश भएको थियो। १५ फागुनमा संवैधानिक इजलासमा यसैसम्बन्धी परेको मुद्दाको आदेशको मिसिल झिकाएर अर्को सुनुवाइका लागि पेस गर्न अदालतले आदेश दिएको थियो। त्यसपछिको फैसलामा आइतबार सर्वोच्चले यस मुद्दालाई एकैपटक किनारा लगाइदिएको छ।

'संवैधानिक इजलासले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, धितोपत्र व्यवसायी नियमावली, २०६४ संशोधन संविधानको परिधिभित्रै रहेको भन्दै रिट खारेज भएको ठहर्छ,' संवैधानिक इजलासको पूर्णपाठमा उल्लेख छ।

गत भदौमा बसेको मन्त्रिपरिषद् बैठकले 'धितोपत्र दर्ता तथा निष्कासन नियमावली, धितोपत्र व्यवसायी नियमावली, २०६४ र धितोपत्र बजार सञ्चालक नियमावली, २०६४ संशोधनलाई स्वीकृत गरेसँगै नयाँ स्टक एक्सचेन्ज खोल्ने बाटो खुलेको थियो। मन्त्रिपरिषद्ले बाटो खुला गरेसँगै धितोपत्र बोर्डले २ असोजमा स्टक एक्सचेन्ज, कमोडिटी एक्सचेन्ज र ब्रोकर लाइसेन्सका लागि आवेदन मागेको थियो।

नयाँ व्यवस्थाअनुसार धितोपत्र ब्रोकर कम्पनीको चुक्ता पुँजी १५ करोड पुऱ्याइएको छ। यस्तै, पूर्ण कार्य गर्ने धितोपत्र दलाल सेवाको ५० करोड र धितोपत्र व्यापारीका लागि एक अर्ब चुक्ता पुँजी कायम गरिएको छ। यसअघि ब्रोकर कम्पनीको चुक्ता पुँजी दुई करोड थियो। बोर्डले ब्रोकर लाइसेन्सका लागि आवेदन दिन ३५ दिनको समय दिएको थियो भने नयाँ स्टक एक्सचेन्ज र कमोडिटी एक्सचेन्ज सञ्चालन गर्न चाहनेले ४५ दिनभित्र आवेदन दिन माग गरेको थियो। नयाँ स्टक एक्सचेन्ज खोल्न चाहनेले न्यूनतम तीन अर्ब चुक्ता पुँजी राख्नुपर्ने व्यवस्था छ। कम्पनी सञ्चालनमा आएको दुई वर्षपछि ३० प्रतिशत साधारण सेयर निष्कासन गर्नुपर्नेछ। एकल लगानीकर्ता सीमा १५ प्रतिशत राखिएको छ।

आवेदन दिने मिति सकिँदासम्ममा ब्रोकर लाइसेन्सका लागि ४५ कम्पनीको आवेदन परेको थियो। ४५ वटा कम्पनीमध्ये ११ वाणिज्य बैंकका सहायक कम्पनी रहेका छन्। नियमावलीअनुसार सेयर किनबेचको काम मात्र गर्ने ब्रोकरका लागि चुक्ता पुँजी २० करोड हुनुपर्ने व्यवस्था छ। २० करोड चुक्ता पुँजी भएका कम्पनीको आवेदन दिनेको संख्या ४१ वटा रहेका छन्। त्यसैगरी, मार्जिन कारोबार गर्ने, लगानी परामर्शको सेवा दिने, लगानी व्यवस्थापन गरिदिने र निक्षेप सदस्य (डिपी)को काम गर्ने ब्रोकरको चुक्ता पुँजी ६० करोड तोकिएको छ। जसमा तीनवटा कम्पनीको आवेदन परेको थियो।

त्यस्तै, आफ्ना लागिसमेत सेयर किनबेच गर्ने, सेयर प्रत्याभूतिकर्ताका रूपमा काम गर्ने र योग्य संस्थागत लगानीकर्ताका रूपमा काम गर्नेको चुक्ता पुँजी एक अर्ब ५० करोड रुपैयाँ तोकिएको छ। यस तोकिएको चुक्ता पुँजीमा नबिल सेक्युरिटिजको एकल आवेदन परेको थियो। ब्रोकर लाइसेन्सको आवेदन परेसँगै मंसिरमा भएको संघ र प्रदेशको चुनावको मुखमा ब्रोकर लाइसेन्स वितरण गरेको भन्दै निर्वाचन आचारसंहिताका कारणले तत्काललाई रोक लगाएको थियो। त्यसपछि सर्वोच्चमा मुद्दामाथि मुद्दा परेसँगै प्रक्रिया लम्बिन पुगेको हो। स्टक एक्सचेन्ज र कमोडिटी एक्सचेन्जमा भने तत्कालीन समयमा कुनै पनि आवेदन परेको थिएन।

अब प्रक्रिया पुऱ्याएर लाइसेन्स वितरण अगाडि बढ्छ

● **रमेशकुमार हमाल**, अध्यक्ष, नेपाल धितोपत्र बोर्ड



सबै रिट खारेज भइसकेको अवस्थामा भोलिसम्म अदालतबाट पत्र आउँछ होला, त्यसपछि पुनः समय थपेर कमोडिटी एक्सचेन्ज र नयाँ स्टक कम्पनीका लागि आवेदन खुला गर्छौं। ब्रोकर लाइसेन्स तोकिएकै मितिमा आवेदन परिसकेको र नेप्सेबाट छनोट भइसकेको हुँदा चुक्ता पुँजीअनुसार आवेदन परेकालाई अब प्रक्रिया पुऱ्याएर लाइसेन्स वितरण अगाडि बढाइन्छ।

■ अब कसरी बढ्छ नयाँ प्रक्रिया ?

सर्वोच्चको संवैधानिक इजलास र संयुक्त इजलासले रिट खारेज गरेसँगै अब लाइसेन्स वितरण गर्ने प्रक्रिया कसरी अगाडि बढ्छ भन्ने सर्वत्र चासोको विषय बनेको छ। लामो समयदेखि ब्रोकर लाइसेन्समा आवेदन दिएका लगानीकर्ताको करोडौं फसेको छ। नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले अबको प्रक्रियाका विषयमा केही दिनमै बोर्ड बैठक बसेर निर्णय गरिने बताए। अध्यक्ष हमालले ब्रोकर लाइसेन्सको खुला गरेकै मितिमा ४५ वटा कम्पनीको आवेदन परेको हुँदा त्यसमा अब कुनै आवेदन खुलाउनुनपर्ने बताए। उनले भने, 'तोकिएकै मितिमा आवेदन परिसकेको र नेपाल स्टक एक्सचेन्ज (नेप्सेबाट) छनोट भइसकेको हुँदा चुक्ता पुँजीअनुसार आवेदन परेकालाई अब प्रक्रिया पुऱ्याएर लाइसेन्स वितरण अगाडि बढाइन्छ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

पुँजीगत खर्च गर्न ऋणमा निर्भर हुनुपर्ने बाध्यता छ : अर्थमन्त्री



काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले संकलित राजस्वले साधारण खर्च नपुग्ने अवस्था भएको बताएका छन्। आर्थिक मिडिया सञ्चालकहरूसँगको भेटमा अर्थमन्त्री डा. महतले यस्तो बताएका हुन्। उनले भने, 'पुँजीगत खर्चमा हामीले आन्तरिक र बाह्य ऋणमा निर्भर रहनुपर्ने अवस्था सिर्जना भएको छ।' अर्थमन्त्री डा. महतले आर्थिक वृद्धिदरको सूचकांक धेरै निराशाजनक नभएको बताए। यद्यपि, माग र आपूर्तिको समस्या, लगानीकर्ताका आफ्नै समस्या, ब्याजदरको समस्या, पुँजी बजारको समस्या देखिएको उनको भनाइ छ। 'परिस्थितिका कारण केही अप्ठ्यारा छन्, ती अप्ठ्यारा सामना गर्न सकिने अवस्था भने छ,' अर्थमन्त्री डा. महतले भने।

अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक मिलेर नकारात्मक सूचकांकलाई सकारात्मक दिशामा फर्काउन सकिने मन्त्री डा. महतले बताए। 'साधारण खर्चलाई संयमित ढंगले उपयोग गर्ने नीति सरकारले लिनेछ। अप्ठ्यारोहरू गम्भीर छन्, तर हामी समाधान गर्छौं,' उनले भने, 'अर्थतन्त्रलाई सकारात्मक दिशामा फर्काउन हामी लागिरहेका छौं।'

'निर्माण व्यवसायीको भुक्तानी रोकिँदा अर्थतन्त्र चलायमान भएन'



काठमाडौं/ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले निर्माण व्यवसायीहरूको ठूलो रकम भुक्तानी रोकिँदा अर्थतन्त्र चलायमान नभएको स्वीकार गरेका छन्। निर्माण व्यवसायीहरूको रकम भुक्तानी गर्ने विषयमा सरकार सकारात्मक रहेकोसमेत उपाध्यक्ष श्रेष्ठले बताए। नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह नेतृत्वको प्रतिनिधिमण्डलसँगको भेटमा उपाध्यक्ष श्रेष्ठले निर्माण उद्योगमा धेरै समस्या रहेको बताउँदै सबै मिलेर समाधान गर्नुपर्ने बताए।

जग्गा प्राप्ति, बजेट तथा निर्माण सामग्री अभाव, समुदायको अवरोधलगायतका समस्याहरूबाट निर्माण व्यवसायीहरू आक्रान्त रहेको उनले बताए। 'महासंघजस्तो छाता संगठनले निर्माण व्यवसायीहरूलाई अझ बढी जिम्मेवार बनाउन सक्ने भएकाले महासंघको भूमिका अझ बढी प्रभावकारी हुनुपर्छ,' उपाध्यक्ष श्रेष्ठले भने।

भेटमा महासंघ अध्यक्ष रवि सिंहले निर्माण उद्योगको विद्यमान समस्या र समाधानका उपायबारे उपाध्यक्ष श्रेष्ठलाई अवगत गराउँदै सरकारी कार्यशैलीकै कारण निर्माण उद्योग व्यावसायिक हुन नसकेको बताए। बजेटको व्यवस्था नगरी टेन्डर आह्वान गर्ने परिपाटी गलत रहेको भन्दै अध्यक्ष सिंहले निर्माण व्यवसायीले आफ्नो मुलुकको स्रोत-साधन उपभोग गर्न नपाउने अवस्थाको अन्त्य हुनुपर्ने बताए।

सार्वजनिक खरिद ऐनअनुसार व्यवसायीले २० प्रतिशत मोबिलाइजेसन पेस्की पाउनुपर्ने माग राख्दै उनले मूल्यवृद्धिको मारमा परेका व्यवसायीहरूले राहत नपाएको बताए। राष्ट्रिय योजना आयोगजस्तो संस्थाले कसैको दबाबमा नपरी निर्भीक भएर काम गर्नुपर्ने सुझाव अध्यक्ष सिंहले दिए।

अब आयोजनाहरूले विस्फोटक पदार्थ सरसापटी गर्न सक्ने

काठमाडौं/ अब जलविद्युत् लगायतका आयोजनाहरूले आफूलाई आवश्यक पर्ने विस्फोटक पदार्थ एक-अर्कामा सरसापटी गर्न सक्ने भएका छन्। यसअघि एउटा आयोजनाका लागि बनाइएको तथा ल्याइएको विस्फोटक पदार्थ अर्को आयोजनाले प्रयोग गर्न पाउने व्यवस्था थिएन। तर, अब त्यस्तो पदार्थ एक-अर्कामा सरसापटी गर्न सक्ने गरी स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) र नेपाली सेनाबीच आइतबार सहमति भएको छ।

सात-आठ वर्षअघि पनि आयोजनाहरूमा विस्फोटक पदार्थ आदान-प्रदान गर्न मिल्ने व्यवस्था थियो। तर, बीचमा यो व्यवस्था थिएन। फलस्वरूप आयोजनाको निर्माण कार्य प्रभावित भइरहेको थियो। विशेष गरी एउटा आयोजनामा विस्फोटक पदार्थ प्रयोग नहुने र अर्को आयोजनामा सोही वस्तु नभएर काम रोकिने गरेको थियो। त्यसपछि इप्पानले विस्फोटक पदार्थको प्रयोगमा सहजीकरण गर्न आग्रह गर्दै आएको थियो। सोहीअनुसार आयोजनाहरूले विस्फोटक पदार्थ सरसापटी गर्न सक्ने गरी सेना र इप्पानबीच सहमति भएको हो।

आयोजनाहरूमा ठूला-ठूला चट्टान तथा ढुंगा टुक्र्याउन विस्फोटक प्रयोग गरिन्छ। त्यसबापत आयोजनाहरूलाई चाहिने विस्फोटक पदार्थ नेपाली सेनाले नै बनाउने गर्छ। साथै, भारतदेखि समेत उक्त वस्तु आयात गरिन्छ। जुन वस्तुको ढुवानी तथा भण्डारण गर्ने काम नेपाली सेनाले नै गर्छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय चन्द्रपुर, रौतहटको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०७९/१२/२७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय चन्द्रपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात **मिति २०८० बैशाख ४ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय चन्द्रपुर, रौतहटमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरणः

प्राइभेट फर्म दर्ता ऐन २०१४ तथा औद्योगीक व्यवसाय ऐन २०७३ को दफा १५(१)ग र सोही ऐनका दफा(२)ख बमोजिम, घरेलु तथा साना उद्योग विभाग गौर , रौतहटमा मिति २०७५/०४/१६ मा दर्ता नं. ६१६४/३२/१०६/११ चन्द्रपुर दर्ता कायम भई रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **गंगा ईट्टा उद्योग**का सञ्चालक लछुमन साह तेलीको नाति, महाविर साह तेलीको छोरा, रिता देवी साहको पति, रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं.१० साबिक रौतहट जिल्ला, साबिक डुमरिया (म.) गा.वि.स. वडा नं. ०८) बस्ने **रामआशिष साह तेली** (ना.प्र.नं. ४२३९, जारी मिति २०५५/०२/०७ , जिल्ला प्रशासन कार्यालय रौतहट)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरणः

१. बासुदेव साह तेलीको नातिनी, ईनरदेव साह तेलीको छोरी, रामआशिष साह तेलीको पत्नी, रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० (साबिक रौतहट जिल्ला, डुमरिया गा.वि.स. वडा नं.०८) बस्ने **रिता देवि साह** (ना.प्र.नं. ३२३०८२/७६५, जारी मिति २०६४/०१/०९, जिल्ला प्रशासन कार्यालय रौतहट)।
२. लछुमन साह तेलीको नाति, महाविर साह तेलीको छोरा, रिता देवी साहको पति, रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं.१० (साबिक रौतहट जिल्ला, डुमरिया (म.) गा.वि.स. वडा नं.०८) बस्ने **रामआशिष साह तेली** (ना.प्र.नं. ४२३९, जारी मिति २०५५/०२/०७ , जिल्ला प्रशासन कार्यालय रौतहट)।

लिलाम हुने सम्पत्तिहरुको विवरणः

१. **रामआशिष साह तेली**को नाममा मालपोत कार्यालय रौतहटमा दर्ता कायम भएको रौतहट जिल्ला, डुमरिया (म.) गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १३६३ को क्षेत्रफल ०-०-१९-० (वि.क.धु.क.)को जग्गा/घर तथा ऐ.ऐ. गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ६२९ र ६३१ को क्षेत्रफल क्रमशः ०-०-१७¹/² र ०-१-०-० (वि.क.धु.क.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **रिता देवी साह**को नाममा मालपोत कार्यालय रौतहटमा दर्ता कायम भएको रौतहट जिल्ला, डुमरिया(म.) गा.वि.स. वडा नं. ०५ स्थित कित्ता नं. ९७४, ६३२, ६३०, ३५९, ८५३, र ३५७ क्षेत्रफल क्रमशः ०-१-०-०, ०-१-०-०, ०-०-१७¹/²-०, ०-०-७¹/²-०, ०-१०-०-०, र ०-१-४-० (वि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन अर्थात **२०८० बैशाख ३ गते** भित्र बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय चन्द्रपुर, रौतहटबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/ जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन अर्थात **२०८० बैशाख ४ गते ३:०० बजे** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्होर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० बैशाख ४ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय चन्द्रपुर, रौतहट फोन नं. ०५५-५४०७५६/५७

नबिल बैंक लिमिटेड, नयाँ बानेश्वर शाखा, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/१२/२७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व पर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक पर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण
प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा, मिति २०७७/०७/०२ मा प्रा.फ.र.नं ३-३५-३८२-१५६१७७/२०७७/७८ अन्तर्गत दर्ता भएको **श्री नेचुरल आर्गनिक मसला सप्लायर्स।** ठेगानाः काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ३२, नरेफाट काठमाडौं ।
ऋणी फर्मका प्रोप्राइटरः
नारायण बहादुर खत्रीकी छोरी गफूर मियाकी बुहारी, रहमतुल्ला मियाकी श्रीमती भक्तपुर जिल्ला गुण्डु गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने नागरिकता नं.३८०३, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: भक्तपुर, मिति : वि.सं. २०४४/०१/१५) भएकी **श्री सुनिता खत्री।**
व्यक्तिगत जमानतकर्ताको विवरण
झोलाई मियाको नाति गफूर मियाको छोरा सप्तरी जिल्ला कुशहा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने नागरिकता नं.२२१०, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सप्तरी, मिति : वि.सं. २०४४/१०/२१) भएको **श्री रहमतुल्ला मिया।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७९/१२/२७ गते)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरू र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरू, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरूलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल

दक्षिण एसियाली महिला विकास मञ्चको प्रधानमन्त्रीसँग छलफल

नयाँ पत्रिका
काठमाडौं, २६ चैत



दक्षिण एसियाली महिला विकास मञ्चको प्रतिनिधिमण्डलले प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेट गरेको छ। मञ्चकी अध्यक्ष प्रमिला आचार्य रिजालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले प्रधानमन्त्रीसँग भेट गरेको हो।

भेटमा अध्यक्ष रिजालले दक्षिण एसियाली महिला विकास मञ्चले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र पाँचखाल नगरपालिकाको सहकार्यमा, बागमती प्रदेशको पाँचखाल नगरपालिकाको होक्सेमा सुरु गरेको पहिलो महिला उद्यमी हरित औद्योगिक पार्क परियोजनाबारे प्रधानमन्त्रीलाई जानकारी गराएको जनाइएको छ। नेपालको हरित औद्योगिक अवधारणालाई एकीकृत जलवायु परिवर्तन अनुकूलन रणनीतिमार्फत अगाडि बढाउने लक्ष्य रहेको जनाइएको छ। पार्कलाई 'कृषि-पर्यटन हरित औद्योगिक पार्क'का रूपमा ब्रान्ड र प्रचार गरिने मञ्चको भनाइ छ। नेपालमा पहिलो र दक्षिण एसियामा दोस्रो यो परियोजनामा कृषि खाद्य क्षेत्रका साथै पर्यटन केन्द्रित सेवा क्षेत्रसँग सम्बन्धित ५० वटा साना उद्योग स्थापना गरिने उल्लेख छ। परियोजना एसोसिएसन अफ लेडि इन्टरप्रेनर्स या इन्डिया, एसएडब्लुडिएफ च्याप्टर, भारतको सफल परियोजनाको प्रतिकृति रहेको जनाइएको छ। उक्त संस्थाले पिपिपी मोडलमा महिला उद्यमीहरूका लागि पाँचवटा सफल औद्योगिक पार्क सम्पन्न गरेको जनाएको छ।

उक्त अवसरमा उपस्थित पाँचखाल नगरपालिकाका मेयर महेश खरेलले प्रधानमन्त्रीलाई हरित औद्योगिक पार्क परियोजनाका फाइदाबारे अवगत गराएको उल्लेख छ। यसमा किसानको उत्पादकत्व वृद्धि, उच्च गुणस्तरको प्रशोधन पूर्वाधारको निर्माण, प्रभावकारी आपूर्ति शृंखला प्रणाली, प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना समावेश रहेको जनाइएको छ। यस परियोजनाका लागि पाँचखाल नगरपालिकाले सय रोपनी जग्गा दक्षिण एसियाली महिला विकास मञ्चलाई २५ वर्षका लागि भाडामा दिएको पाँचखाल नगरपालिकाका मेयर महेश खरेलले बताए।

सोहीक्रममा मञ्चले प्रधानमन्त्री दाहाललाई बुझाएको ज्ञापनपत्रमा हरित औद्योगिक पार्कको सफल कार्यान्वयनका लागि नेपाल सरकारको महिला उद्यमीका लागि विशेष कार्यक्रमअन्तर्गत चलिरहेको काभ्रेको पाइलट प्रोजेक्टलाई महिला उद्यमी हरित औद्योगिक पार्क नामकरण गर्न माग गरिएको छ। त्यस्तै, अन्य ६ ओटा प्रदेशमा पनि यस्तै पार्क स्थापनाका लागि महिला उद्यमी हरित औद्योगिक पार्क ऐनका रूपमा कानुन बनाउन र डिपिआरअनुसार बजेट विनियोजनका लागि सरकारसँग आग्रह गरिएको छ। ज्ञापनपत्रमा लघु, साना तथा मझौला महिला उद्यमीका लागि उपयुक्त वातावरण सिर्जना हुने यस्ता आयोजना कार्यान्वयनमा केन्द्रित हुँदै राष्ट्रिय अर्थतन्त्रमा महिला उद्यमीहरूको भूमिकाको महत्त्वमा पनि जोड दिइएको मञ्चले जनाएको छ।

सांग्रिला डेभलपमेन्टका अध्यक्षले लिए शपथ

नयाँ पत्रिका
काठमाडौं, २६ चैत



सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडका अध्यक्ष उज्ज्वल सत्यालले पद तथा गोपनीयताको शपथ लिएका छन्। सत्याल १८औं वार्षिक साधारणसभाबाट निर्विरोध अध्यक्षमा निर्वाचित भएका हुन्।

नवनिर्वाचित अध्यक्ष सत्याललाई नेपाल राष्ट्र बैंककी डेपुटी गभर्नर नीलम ढुंगाना तिम्सिनाले शपथग्रहण गराएको जनाइएको छ। सञ्चालक समितिका अध्यक्ष सत्यालबाट अन्य सञ्चालकहरूले पद तथा गोपनीयताको शपथग्रहण गरेपश्चात् नवनिर्वाचित सञ्चालक समितिले आफ्नो कार्य प्रारम्भ गर्ने बैंकले जनाएको छ।

हाल बैंकले देशभरमा एक सय १२ शाखा, ३० एटिएममार्फत सेवा दिँदै संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई पालना गर्दै आएको जनाएको छ।

एसियन पेन्ट्स नेपालका नयाँ उत्पादन बजारमा



नयाँ पत्रिका
काठमाडौं, २६ चैत

एसियन पेन्ट्सले स्मार्ट केयर समूहका दुई नयाँ उत्पादनहरू बजारमा ल्याएको छ। कम्पनीले काठमाडौंमा आयोजना गरेको डिलर मिटमा सिलिकन सिल्ड र हाइड्रोलक पेन्ट्स बजारमा ल्याएको घोषणा गरेको हो।

यसले भित्ताहरूमा ओस र सोडा लाग्ने समस्यालाई रोकथाम गर्ने कम्पनीको भनाइ छ। यसका साथै कम्पनीले अरू दुई उत्पादन रोयलप्ले समूहअन्तर्गत बारिक र स्टुको पनि सार्वजनिक गरेको जनाएको छ। यी रोयलप्ले समूहका उत्पादनहरूले घरको इन्टेरियरको सजावटलाई आकर्षक बनाउने जनाइएको छ।

सिलिकन सिल्डमा जलप्रतिरोधक तत्त्व हुनुका साथै यसमा उत्कृष्ट पेनिट्रेटिभ फर्मुलेसन रहेको कम्पनीको दाबी छ, यो ईंटाहरू, ढुंगाहरू र क्लेटायलहरूका लागि अनुकूल रहनुका साथै घरको बाहिरी भित्ताहरूलाई सोडा लाग्ने समस्याबाट जोगाएर भित्ताको स्वाभाविक सुन्दरतालाई कायमै राख्ने कम्पनीले जनाएको छ। त्यस्तै, हाइड्रोलक एकअर्को पेनिट्रेटिभ जलप्रतिरोधक सोलुसन भएकाले प्लास्टर गरिएका भित्ताहरूलाई ओस र सोडा लाग्नबाट सुरक्षित राख्नका लागि प्लास्टरमाथि लगाउन अत्यन्त उपयुक्त भएको जनाइएको छ।

रोयलप्ले बारिकले अरेबियन मरुभूमिहरूबाट प्रेरित रिच मेटालिक टेक्स्चर दिने कम्पनीको दाबी छ। यो ओसन वेभ र वोर्ल इफेक्टमा उपलब्ध रहेको कम्पनीले जनाएको छ।

स्पाइनल इन्जुरी पुनर्स्थापना केन्द्रमा हिमालयन बैंकको एटिएम

काठमाडौं/ हिमालयन बैंक लिमिटेडले काभ्रेको साँगामा रहेको स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्रमा पहिलो अपांगमैत्री एटिएम सञ्चालनमा ल्याएको छ। सबैका लागि बैंक, सबैका लागि बैंकिङ सुविधा भन्ने उद्देश्यले बैंकले आफ्नो एटिएम सुविधा उक्त स्थानमा सुरु गरेको हो।

एटिएमको उद्घाटन स्पाइनल इन्जुरी पुनर्स्थापना केन्द्रको २१औं वार्षिक उत्सवको उपलक्ष्यमा आयोजित समारोहमा बनेपा नगरपालिकाका मेयर शान्तिरत्न शाक्य, बैंकका अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठ र स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्रका अध्यक्ष डा. शान्ता दीक्षितले संयुक्त रूपमा गरेको उल्लेख छ। समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर जबरालगायत बैंक तथा उक्त संस्थाका उच्चपदस्थ कर्मचारीहरूको पनि उपस्थिति रहेको जनाइएको छ।

हाल बैंकले देशभरि रहेका एक सय ८९ शाखा, २० विस्तारित काउन्टर र दुई सय ६३ भन्दा बढी एटिएममार्फत सेवा दिँदै आएको जनाएको छ।

सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-३ को बिक्री सुरु

काठमाडौं/ सिद्धार्थ म्युचुअल फन्डअन्तर्गत सञ्चालन हुने सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-३ का इकाइहरू सर्वसाधारणमा निष्कासन तथा बिक्री खुला भएको छ। सिद्धार्थ म्युचुअल फन्डअन्तर्गत सञ्चालन हुने यो छैटौं सामूहिक लगानी कोष योजना हो।

प्रतिइकाइ अंकित मूल्य १० रुपैयाँ रहेको योजनाको आकार एक अर्ब २० करोड रुपैयाँको रहेको जनाइएको छ। जसमध्ये सिद्धार्थ बैंक लिमिटेडले न्यूनतम एक करोड २० लाख इकाइ तथा सिद्धार्थ क्यापिटल लिमिटेडले न्यूनतम ६० लाख इकाइ बीज पुँजीका रूपमा लगानी गर्ने उल्लेख छ। त्यस्तै, सर्वसाधारणका लागि १० करोड २० लाख इकाइ सार्वजनिक रूपमा बिक्रीका लागि निष्कासन गरिने जनाइएको छ। योजनामा न्यूनतम एक सय इकाइ र अधिकतम एक करोड २० लाख इकाइसम्म आवेदन दिन सकिने कम्पनीले जनाएको छ। योजनाको अवधि इकाइ बाँडफाँट भएको मितिले १० वर्ष रहेको उल्लेख छ।

सिद्धार्थ क्यापिटल लिमिटेडले यसअघि चारवटा बन्दमुखी योजना (सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-१, सिद्धार्थ इक्विटी ओरियन्टेड स्किम, सिद्धार्थ इक्विटी फन्ड र सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-२) र एउटा खुलामुखी योजना (सिद्धार्थ व्यवस्थित लगानी योजना) सञ्चालनमा ल्याइसकेको जनाएको छ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण सॉवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (सॉवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः टोपेन्द्र अर्डर सप्लायर्स** (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: १३३/८५/०६५/०६६ दर्ता मिति : २०६५/०६/०८ स्थायी लेखा नं.: ३०३९४४५८४ ठेगानाः दैलेख जिल्ला, नारायण न.पा., वडा नं. १ । **प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः** **टोप बहादुर नेपाली** ना.प्र.प.नं (जारी मिति/स्थान): ७६१ (२०५०/०३/२९/दैलेख) बाजेको नामः ईन्द्र बहादुर नेपाली बाबुको नामः लुछाराम नेपाली ठेगानाः दैलेख जिल्ला, नारायण न.पा, वडा नं. १ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. श्री सुजाता नेपाली** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७१-०६७२७ (२०७१/१२/२९/सुर्खेत) बाजेको नामः लुछाराम नेपाली बाबुको नामः टोप बहादुर नेपाली ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा, वडा नं. १ । **२. श्री ममता नेपाली** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४७०१७/९००९९ (२०६६-०१-१४/सुर्खेत) बाबुको नामः छबीलाल दमाई ससुराको नामः लुछाराम नेपाली पतिको नामः टोप बहादुर नेपाली ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा, वडा नं. १ ।	१. छबीलाल दमाई को छोरी, लुछाराम नेपाली को बुहारि, टोप बहादुर नेपाली को पत्नि, सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा, वडा नं. १ बस्ने **श्री ममता नेपालीको** नाममा मालपोत कार्यालय सुर्खेत को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नाअनुसारको घरजग्गाहरुः (क) सुर्खेत जिल्ला, कट्कुवा गा.वि.स., वडा नं. ३ स्थित कि.न. ४५५७ को क्षेत्रफल ०-०-४$^{५/६}$ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ख) सुर्खेत जिल्ला, बयलकॉडा गा.वि.स., वडा नं. ३ ख स्थित कि.न. १२३०, १२७५, १२२८ र १२७३ को क्षेत्रफल ०-०-१०, ०-०-७, ०-०-९०, ०-०-४ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. ईन्द्र बहादुर नेपालीको नाती, लुछाराम नेपालीको छोरा दैलेख जिल्ला, नारायण न.पा वडा नं. ०१ बस्ने **टोप बहादुर नेपालीको** नाममा मालपोत कार्यालय दैलेखको लगतमा दर्ता श्रेष्ता कायम रहेको दैलेख जिल्ला, नारायण न.पा. वडा नं. २ स्थित कि.न. ५५१, ४८७ र ५५४ को क्षेत्रफल ७५, १६५ र ३१५ व.मि को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ३. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत ।
२.	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः मा बैष्णबी किराना पसल** (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: ३ दर्ता मितिः २०७४/०८/०६ स्थायी लेखा नं.: ३०५२८५६३६ ठेगानाः रौतहट जिल्ला,चन्द्रपुरी न.पा., वडा नं. २ । **प्रोप्राईटरः** **देवनारायण साह बानिया** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२२१४९ (२०५४/१०/०९/रौतहट) बाजेको नामः सिभ सरण साह बाबुको नामः सघो साह बानिया ठेगानाः रौतहट जिल्ला, बरियारपुर गा.वि.स, वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, जुडिबेला न.पा. वडा नं. ८ । **व्यक्तिगत जमानतकर्ताः** **प्रमिला देवी साह** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२२०७९/७८२ (२०६५/०८/२३/रौतहट) बाबुको नामः बिश्वनाथ साह बानिया ससुराको नामः सघो साह बानिया पतिको नामः देव नारायण साह बानिया ठेगानाः रौतहट जिल्ला, जुडिबेला न.पा., वडा नं. ९ ।	बिश्वनाथ साह बानियाको छोरी, सघो साह बानियाको बुहारी, देवनारायण साह बानियाको पत्नी, रौतहट जिल्ला, जुडिबेला न.पा. वडा नं. ९ बस्ने **प्रमिला देवी साहको** नाममा मालपोत कार्यालय चन्द्रपुर को लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, जुडिबेला न.पा. वडा नं. ९ स्थित कि.न. ८३१ को क्षेत्रफल ०-०-७$^{१/२}$ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः न्यू विकास बस्त्रालय** (नेपाल सरकार, वाणिज्य तथा अपुर्ति मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: ४७३५/०७३/७४ दर्ता मिति : २०७३/०६/१७ स्थायी लेखा नं.: ६०३८५४३९४ ठेगानाः बारा जिल्ला, निजगढ न.पा., वडा नं. ८ । **प्रोप्राईटरः** **प्रमोद रौनियार** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३३०११/४८(२०६३/१०/२४/बारा) बाजेको नामः रेखा साह बाबुको नामः गणेश रौनियार ठेगानाः बारा जिल्ला, निजगढ न.पा., वडा नं. ७ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. रन्जु कुमारी रौनियार** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३-०२-७६-००५८२ (२०७६/०१/२४/बारा) बाबुको नामः जगदीश प्रसाद बानिया ससुराको नामः गणेश रौनियार पतिको नामः प्रमोद रौनियार ठेगानाः बारा जिल्ला, निजगढ न.पा., वडा नं. ८ । **२. श्री प्रियंका रौनियार** ना.प्र.प.नं (जारी मिति/स्थान): २७-०१-७३-११६६४ (२०७३/०८/२०/काठमाडौं) बाबुको नामः केशव कुमार रौनियार ससुराको नामः प्रमोद रौनियार पतिको नामः प्रकाश रौनियार ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं का.म.न.पा. वडा नं. २५ । **३. श्री प्रकास रौनियार** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३२०११/३८५१४ (२०७०/०४/११/बारा) बाजेको नामः गणेश रौनियार बाबुको नामः प्रमोद रौनियार ठेगानाः बारा जिल्ला, निजगढ न.पा., वडा नं. ७ ।	रेखा साह को नाति, गणेश रौनियार को छोरा, बारा जिल्ला, निजगढ न.पा. वडा नं. ०७ बस्ने **श्री प्रमोद रौनियार को** नाममा मालपोत कार्यालय सिमारा, बारा को लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, निजगढ न.पा. वडा नं. ७ ग स्थित कि.न. २०७ को क्षेत्रफल ०-०-१५ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
४.	सम्पति धितो कर्जा	**ऋणीको नामः प्रमोद रौनियार** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३३०११/४८(२०६३/१०/२४/बारा) बाजेको नामः रेखा साह बाबुको नामः गणेश रौनियार ठेगानाः बारा जिल्ला, निजगढ न.पा., वडा नं. ७ । **व्यक्तिगत जमानतकर्ताहरूः** १. रन्जु कुमारी रौनियार ना.प्र.प.नं (जारी मिति/स्थान): ३३-०२-७६-००५८२ (२०७६/०१/२४/बारा) बाबुको नामः जगदीश प्रसाद बानिया ससुराको नामः गणेश रौनियार पतिको नामः प्रमोद रौनियार ठेगानाः बारा जिल्ला, निजगढ न.पा., वडा नं. ८ । २. श्री प्रियंका रौनियार ना.प्र.प.नं (जारी मिति/स्थान): २७-०१-७३-११६६४ (२०७३/०८/२०/काठमाडौं) बाबुको नामः केशव कुमार रौनियार ससुराको नामः प्रमोद रौनियार पतिको नामः प्रकाश रौनियार ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं का.म.न.पा. वडा नं. २५ । ३. श्री प्रकास रौनियार ना.प्र.प.नं (जारी मिति/स्थान): ३३२०११/३८५१४ (२०७०/०४/११/बारा) बाजेको नामः गणेश रौनियार बाबुको नामः प्रमोद रौनियार ठेगानाः बारा जिल्ला, निजगढ न.पा., वडा नं. ७ ।	

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४

हकदावीको सूचना

सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाँउपालिका वडा नं. २ किउल बस्ने, जिवा प्रसाद दुङ्गानाको नातिनि टिका दत्त दुङ्गानाको छोरी मेघनाथ सापकोटाको श्रीमति धनकुमारी सापकोटाको यही मिति २०७९/०६/२६ गते मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. १७००५०८०००००२५३ (धनकुमारी सापकोटा) मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी पालनपोषण र रेखदेख गर्दै आउनुभएको निजको भतिज नाताको श्री हरिराम सापकोटाले आवश्यक सम्पुर्ण कागजात सहित यस बैंकमा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक-दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
फोन नं:- ९८६३५८८१८५

हकदावीको सूचना

काठमाण्डौ जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. १ बस्ने, मान बहादुर तामाङको नाति टिका उमेश कुमार तामाङको छोरा सन्जु बरामु तामाङको श्रीमान सोनाम तामाङको यही मिति २०७९/०२/३१ गते मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. १७००५३०००४०२२ (सोनाम तामाङ) मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमति नाताको सन्जु बरामु तामाङले आवश्यक सम्पुर्ण कागजात सहित यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक-दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
फोन नं:- ९८६३५८८१८५

हकदावीको सूचना

मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं.६ बस्ने जगनाथ अग्रवालको नातीनी, राम स्वरुप अग्रवालको छोरी, रमेश कुमार अग्रवालको पत्नी, स्व. मिना देवी अग्रवालको यहि मिति २०७३/०८/०२ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं.००८०५०८०३०१३५० को सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको छोरा प्रमोद कुमार अग्रवालले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जान व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, विराटनगर
फोन नं:- ०२१- ५७४५२३, ५७४५२४, ५७४५२५
फ्याक्स :- ०२१-५७४५२६

भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेड
Bhugol Energy Development Company Ltd.

रजिष्ट्रार कार्यालय : का.म.न.पा. वडा नं. १०, बानेश्वर, काठमाण्डौ, फोन नं. : ९८०२३४४६००
इमेल: energy.bhugole@gmail.com वेवसाइट: www.bedc.com.np

को

साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रू. ५४,४०,५३,४००/- को ३०% अर्थात् रू. १६,३२,१६,०००/- रकम बराबरको रू. १०० अंकित दरको १६,३२,१६० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरेको छ । जसमध्ये जारी पूँजीको १०% अर्थात रू.५,४४,०५,३००/- रकम बराबरको रू. १०० अंकित दरको ५,४४,०५३ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूको लागि निष्काशन गरी रितपुर्वक प्राप्त ८५,०२० कित्ता शेयर सम्बन्धित आवदेकलाई बाँडफाँड गरिएको र जारी पूँजीको २०% अर्थात रू. १०,८८,१०,७००/- रकम बराबरको रू.१०० अंकित दरका १०,८८,१०७ कित्ता शेयर मध्ये १,०८,८११ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरूलाई निष्काशन गरिएको शेयर तथा कर्मचारीहरूलाई सुरक्षित गरिएको शेयर समेत बाँडफाँड पश्चात ७१,९१६ कित्ता (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको ५%) सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रू. १३,४६,९९,३००/- रकम बराबरको रू.१००/- अंकित दरका १३,४६,९९३ कित्ता साधारण शेयरहरू मिति २०७९ चैत्र २३ गतेदेखि सर्वसाधारणमा निष्कासन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरूबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०७९ चैत्र २७ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरू C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरूले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०७९ चैत्र २७ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरू, लगानीकर्ता आवेदकहरू, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरू, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरूमा धन्यवाद ज्ञापन गर्दछौं ।

दरखास्त दिन पाउने न्यूनतम कित्ता : १० | **दरखास्त दिन पाउने अधिकतम कित्ता : ३०,०००**

कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
प्रति शेयर आम्दानी रु.	(१२.८७)	(२१.४४)	४२.५८	७.४०	८.२०	८.८२
प्रति शेयर नेटवर्थ रु.	६१.०१	३५.५७	६७.६३	८४.७५	५२.५५	१०१.७७
संचित नाफा-नोक्सान (रु.हजारमा)	(२५५,३२७)	(१४५,७३६)	(१२३,२६२)	(८२,५७५)	(३८,३७७)	५,६३४

विद्युत परियोजनाको नाम	:	द्वारी खोला जलविद्युत आयोजना ।
आयोजनाको कुल उत्पादन क्षमता	:	३.७५ मेगावाट ।
प्रति मेगावाट लागत सम्बन्धी विवरण	:	कम्पनीले प्रवर्धन गरिरहेको द्वारी खोला जलविद्युत आयोजनाको कुल लागत (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.१५,५१,५४,३४५/- रहेको छ ।
विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण	:	विद्युत उत्पादन अनुमतीपत्र बहाल रहने अवधि मिति २०७१/०२/२६ देखि २१०६/०२/२५ गतेसम्म रहेको भएता पनि विद्युत विकास विभागबाट जारी विद्युत उत्पादन अनुमती पत्रमा तोकिएको समय अवधि बमोजिम अब जम्मा २५ वर्ष बाँकी रहेको छ ।
लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण	:	आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ८.२४ वर्ष र Discounted Pay Back Period २०.४१ वर्ष रहेको छ ।
जलविद्युत आयोजनाको कुल लागत विवरण:	:	जलविद्युत आयोजनाको कुल लागत (Interest During Construction (IDC) सहित रु.७३,१५,७८,८०८/- रहेको छ ।

क्रेडिट रेटिङ्ग सम्बन्धमा

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR]B-"[Pronounced as ICRA NP issuer rating B Minus] रेटिङ्ग प्राप्त गरेको छ। "[ICRANP-IR]B-" ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा उच्च जोखि

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.ह.नि.द.न. १७/०६९/०७०
नयाँ पत्रिका

उपाधिका लागि स्टार र कर्णाली भिड्ने



नयाँ पत्रिका
कास्की, २६ चैत

स्टार क्रिकेट एकेडेमी र कर्णाली क्रिकेट एकेडेमी पोखरामा नेपाल कप यू-१९ क्रिकेट प्रतियोगिताको उपाधिका लागि भिड्ने भएका छन् । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा कर्णालीले आइतबार भएको क्वालिफायर चरणमा पोखरा क्रिकेट एकेडेमीलाई हराउँदै फाइनल स्थान पक्का गरेको हो । यसअघि पहिलो क्वालिफायरमा कर्णाली स्टारसँग स्तब्ध भएको थियो । पहिलो ब्याटिङ गरेको पोखराले २० ओभरमा सात विकेट गुमाउँदै ८९ रन जोडेको थियो ।

प्रत्युत्तरमा कर्णालीले १८.२ ओभरमा पाँच विकेटको क्षतिमा ९३ रन जोड्दै स्टारसँगको फाइनल भेट पक्का गऱ्यो । पोखराका लागि साहिल कुँवरले २५ बलमा समान दुई चौका र छक्का प्रहार गर्दै २८ रन बनाए । विज्ञान पाण्डेले ४९ बलमा एक चौकाको सहयोगमा २१ रन जोडे । अन्य खेलाडीले दोहोरो अंक जोड्न सकेनन् । कर्णालीका लागि मनीष थापाले २५ बलमा एक चौका र दुई छक्कासहित २२ रन बटुले ।

खेलका म्यान आफ दी म्याचसमेत रहेका आदित्यविक्रम शाहले नटआउट २० रन जोडे । विक्रम भण्डारीले १० रन जोड्दा टोलीका अन्य खेलाडी दोहोरो रन जोड्न असफल रहे । कर्णालीका आदित्यविक्रम शाह र भरत क्षेत्रीले समान दुई विकेट हात पारे । पोखराका नितेश गिरीले दुई विकेट लिए । ६ टोलीको सहभागिता रहेको प्रतियोगिताका विजेताले ५० हजार र दोस्रोले २५ हजार रुपैयाँ पाउनेछन् ।

फाइनलमा त्रिभुवन आर्मी

काठमाडौं/ गिरिजाप्रसाद कोइराला स्मृति चौथो राष्ट्रिय पुरुष हक्की प्रतियोगिताको फाइनलमा विभागीय टोली त्रिभुवन आर्मी क्लब पुगेको छ । विराटनगरको सहिद रंगशालामा भइरहेको प्रतियोगिताअन्तर्गत आइतबार पहिलो सेमिफाइनलमा आर्मीले मधेस प्रदेशलाई १२-० को फराकिलो अन्तरले हरायो । आर्मीका रोमन रानाले सर्वाधिक चार गोल गरेका थिए । यसैगरी, काशीराज राईले तीन गोल गरे । खेलका म्यान अफ दी म्याच आर्मीका रञ्जित राउत भए । प्रतियोगिताको तेस्रो स्थान र फाइनल खेल सोमबार हुनेछ । विजेताले ७५ हजार, उपविजेताले ४१ हजार र तेस्रो हुने टोलीले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

लयमा फर्कदै साबिक दुईपटकको विजेता मच्छिन्द्र

मुख्य प्रशिक्षकको जिम्मेवारी पाएकै दिन किशोरकुमार केसीले साबिक दुईपटकको विजेता मच्छिन्द्रलाई तीन अंक दिलाए । मच्छिन्द्रले लिगमा दोस्रो जित निकाल्ने क्रममा संकटलाई २-१ ले हरायो ।

रमेश सुवेदी/नयाँ पत्रिका
काठमाडौं, २६ चैत



मच्छिन्द्र फुटबल क्लब साबिक दुईपटकको विजेता हो । मच्छिन्द्रले यसपटक पनि उपाधि जित्दै सहिद स्मारक ए डिभिजन लिगमाथि ह्याट्रिकको लक्ष्य राखेको छ । तर, मच्छिन्द्रले चालू ए डिभिजन लिगमा सकारात्मक नतिजा निकाल्न सकेको छैन । उपाधि दाबेदार मच्छिन्द्र लिगको नवौं स्थानमा छ । उपाधि रक्षा गर्ने उद्देश्यका साथ अगाडि बढेको मच्छिन्द्रले नेपाली फुटबलकै राम्रामध्ये एक मानिने प्रशिक्षक किशोरकुमार केसीलाई आइतबार अनुबन्धित गरेको छ ।

केसीलाई मुख्य प्रशिक्षणको जिम्मेवारी दिएकै दिन मच्छिन्द्रले लिगमा दोस्रो जित निकाल्यो । दशरथ रंगशालामा मच्छिन्द्रले बलियो प्रतिद्वन्द्वी संकटा क्लबलाई २-१ ले हरायो । यससँगै मुख्य प्रशिक्षकमा नवनियुक्त केसीले पनि मच्छिन्द्रमा सुखद सुरुवात गरेका छन् । यसअघि लगातार दुईपटक लिग च्याम्पियन बनाएका प्रवेश कटवाललेले राष्ट्रिय फुटबल टोलीको सहायक प्रशिक्षकको जिम्मेवारी पाएपछि मच्छिन्द्र छाडेका थिए । कटवालको प्रशिक्षणमै मच्छिन्द्रले ०७६ र ०७८ मा ब्याक टु ब्याक उपाधि हात पारेको थियो ।

कटवालपछि मुख्य प्रशिक्षक बनेका केसीले आफ्नो लक्ष्य पनि क्लबलाई उपाधि दिलाउनु नै रहेको बताएका छन् । रमाइलो पक्ष के रह्यो भने केसीले पहिलो दिन खेलाडीलाई अभ्यास गराएनन् । जिम्मेवारी पाएलगत्तै उनी मैदानको 'टचलाइन'मा मात्र उभिन पुगे । 'मैले खेलाडीलाई अभ्यास नै गराएको छैन, सीधै मैदानमा खेलाडीलाई निर्देशन दिन आएको हुँ,' केसीले नयाँ पत्रिकासँग भने, 'क्लब र मेरो पनि लक्ष्य च्याम्पियन हुने हो, यसका लागि म तयार छु ।'

पछिल्लो समय ए डिभिजन लिगमा दबाब बढेको महसुस उनले गरेका छन् । उनी भन्छन्, 'यो समय प्रतिस्पर्धाकै छ । क्लब र ममाथि दबाब पनि छ । यही दबाबको सामना गर्न आएको हुँ ।' लामो समयपछि ए डिभिजन लिग सम्हालेका केसीले संकटाले निकै प्रतिस्पर्धात्मक खेलेको प्रतिक्रिया दिए । 'खेल सोचेकोभन्दा टफ रह्यो, तर हामीले बाजी मारेका छौं,' खेलको विश्लेषण गर्दै केसीले भने ।

सात खेलबाट नौ अंक

लिगमा मच्छिन्द्रको दोस्रो जित हो । मच्छिन्द्रले सात खेलमा तीन बराबर र दुई खेलमा हारको सामना गरी नौ अंक जोडेको छ । उपाधि दाबेदारी प्रस्तुत गरिरहेको संकटाको समान सात खेलबाट ९ अंक छ । संकटाले दुई जित, तीन बराबर र दुई हार नतिजा निकालेको छ । जितले संकटाको पाँचौं स्थानमा पुग्ने सपना पूरा भएन ।

मच्छिन्द्रको जितमा राष्ट्रिय टोलीका सदस्य विमल घर्तीमगर र विदेशी खेलाडी आफिज ओलावालेले समान एक गोल गरे । संकटाका लागि राष्ट्रिय टोलीका सदस्य मनीष डाँगीले एक गोल फर्काए । पहिलो हाफ १-१ गोलको बराबरीमा समाप्त हुँदा मच्छिन्द्रले दोस्रो हाफमा थप एक गोल गऱ्यो ।

१९औं मिनेटमा विमलले मच्छिन्द्रलाई अग्रता दिलाए । मच्छिन्द्रको अग्रता केवल दुई मिनेटको मात्र रह्यो । मनीषले खेलको २१औं मिनेटमा संकटालाई १-१ को बराबरीमा ल्याए । दोस्रो हाफको सुरुमै आफिजले मच्छिन्द्रलाई २-१ को अग्रता दिलाए । प्रशान्त अवस्थीले मिलाएको पासलाई आफिजले गोलमा परिणत गरेका हुन् । संकटाका गोलरक्षक टिकेन्द्र थापाले बचाउने प्रयास गरे पनि आसिफको प्रहारलाई रोक्न सकेनन् । खेलको इन्जुरी समयमा मच्छिन्द्रका छिरिङ गुरुङ मैदानमा अचेत भई लडे ।

आफ्नै खेलाडी पुजन उपरकोटीसँग ठोकिँदा छिरिङ मैदानमै बेहोस भए । उनको स्वास्थ्य अवस्था सामान्य भएको क्लबले बताएको छ । संकटाका प्रशिक्षक सल्यान खड्गीले दोस्रो हाफको सुरुमै गोल बेहोर्दा क्लब पराजित भएको बताए । दोस्रो हाफको सुरुमै गोल बेहोर्नु नराम्रो हो । यो हारले आगामी यात्रा सहज हुनेछैन,' उनले भने ।

आर्मी र सातदोबाटोबीचको खेलमा ६ गोल

त्रिभुवन आर्मी फुटबल क्लब र सातदोबाटो युथ क्लबले ३-३ को रोमाञ्चक बराबरी खेलेका छन् । दशरथ रंगशालामा भएको रात्रिकालीन खेलमा आर्मीले तीनपटकको अग्रता जोगाउन नसक्दा अंक बाँडेको हो । आर्मीका लागि जिलेस्पीजंग कार्कीले दुई तथा दीपक गुरुङले एक गोल गरे । सातदोबाटोका लागि मातमुरातोभ र विलियम ओपोकुले गोल गरेका थिए । आर्मीका सुरोज बस्नेतले आफ्नै पोस्टमा बल छिराए । खेलको चौथो मिनेटमा जगजितको पासमा जिलेस्पीले आर्मीलाई अग्रता दिलाए ।

सातदोबाटोका दीपकराजसिंह ठकुरीको प्रहार रोक्ने क्रममा २५औं मिनेटमा आर्मीका सुरोजले आत्मघाती गोल गरे । सातदोबाटोका रक्षकले क्लियर गर्न नसकेको बललाई जिलेस्पीले ३९औं मिनेट गोल गर्दै २-१ को अग्रता दिलाएका थिए । ४८औं मिनेटमा सातदोबाटोका सार्दोरबेकले गोल गर्दै २-२ को बराबरीमा खेल पुऱ्याए । ५२औं मिनेटमा आर्मीका दीपकले क्रस गरेको बल सिक्स यार्ड बक्समा ड्रप हुँदै उत्कृष्ट रूपमा गोलमा परिणत भयो । सातदोबाटोका गोलरक्षक अभिषेक बरालले बल बचाउन सकेनन् । ८५औं मिनेटमा ओपोकुले उत्कृष्ट फ्रिकिक गोल गरे । पोस्टभन्दा ३० यार्डबाट उनले गरेको प्रहार सीधै गोल भयो । सातदोबाटोको सात खेलबाट १३ अंक तथा आर्मीको समान खेलबाट ९ अंक छ ।

खेल संक्षेप

करिश्मालाई मुवाँथाईको उपाधि

काठमाडौं/ करिश्मा कार्कीले डब्लुबिसी मुवाँथाई च्याम्पियनसिपको उपाधि हात पारेकी छिन् । पोखरामा आइतबार भएको खेलमा करिश्माले रिना माझीलाई तेस्रो राउन्डमा पराजित गर्दै फ्लाई वेट विधामा उपाधि हात पारेकी हुन् । प्रतियोगिताको मुख्य आकर्षणका रूपमा रहेको फूलाई वेट विधामा करिश्मा र रिनाले प्रतिस्पर्धा गरेका थिए । सुपर लाइट विधामा भारतका लव कुमारले नेपालका विकास गुरुङलाई हराए । सुपर फेदर वेटमा सन्तोषकुमार लामाले ज्ञानेन्द्र सिंहमाथि जित निकाले ।

इलाइट एमेच्योरतर्फ आयुष गुरुङले छिरिङ पाल्देन शेर्पालाई हराए । मिलन तामाङले रोहितलाई पाखा लगाए । रजिना विष्टले सुष्मा चौधरीलाई हराइन् । रमित महर्जनले जेन्जी राईमाथि सहज जित निकालिन् । प्रशान्त तामाङले प्रिन्स गुरुङलाई निराश पारे । १० वटा फाइट समावेश प्रतियोगितामा २० भन्दा बढी जिल्लाका खेलाडी सहभागी थिए । प्रतियोगिता पोखरामा पहिलोपटक आयोजना गरिएको संघका अध्यक्ष राजु राईले बताएका छन् ।

रिचा स्मृति क्रिकेट आजदेखि

काठमाडौं/ रिचा स्मृति टी-२० क्रिकेट प्रतियोगिता सोमबारबाट सुरु हुँदै छ । ३ वैशाखसम्म चल्ने प्रतियोगितामा नेपालका विभागीय टोली र भारतका क्लबबीच प्रतिस्पर्धा हुनेछ । त्रिभुवन आर्मी, नेपाल प्रहरी र एपीएफसहित एनबिएससी क्रिकेट, विराटनगरको वाइआरसिसी, सुदूरपश्चिमको टोलीसँगै भारतको दिल्ली र नरपथगन्ज क्रिकेट क्लबले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ । प्रतियोगिताका विजेताले एक लाख ५० हजार र उपविजेताले ७५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ५० हजार मूल्यबराबरको क्रिकेट सामग्री पाउनेछन् । उद्घाटन खेलमा आर्मी र नरपथगन्जबीच खेल हुनेछ ।

तेक्वान्दो बुधबारदेखि

काठमाडौं/ दिलीप स्मृति प्रतिष्ठानको आयोजनामा दोस्रो बागमती प्रदेशस्तरीय तथा छैटौं दिलीप स्मृति तेक्वान्दो प्रतियोगिता बुधबारदेखि हुने भएको छ । प्रतियोगितामा विभिन्न ८ जिल्लाका दुई सय खेलाडीको सहभागिता रहने प्रतिष्ठानका अध्यक्ष राजेन्द्र खत्रीले जनाएका छन् ।

खत्रीका अनुसार सहभागी जिल्ला र खेलाडी संख्या बढ्न सक्नेछ । प्रतियोगितामा विभिन्न २३ स्पर्धामा खेल हुनेछ । टिममा प्रथम हुनेले १५ हजार, दोस्रोले १० हजार र तेस्रोले पाँच हजार रुपैयाँ प्राप्त गर्नेछन् । दुईदिने प्रतियोगिताका खेल राष्ट्रिय खेलकुद परिषद्को सेमी कभर्डहलमा हुनेछ ।

रिंकुले अन्तिम ओभरमा ठोके पाँच छक्का

गुजरात टाइटन्सविरुद्ध कोलकतालाई अन्तिम ६ बलमा २९ रन आवश्यक थियो, रिंकु सिंहले लगातार पाँच बलमा छक्का प्रहार गरे



नयाँदिल्ली/ इन्डियन प्रिमियर लिग (आइपिएल) को आइतबार भएको गुजरात टाइटन्स र कोलकता नाइट राइडर्सबीचको प्रतिस्पर्धा कीर्तिमानले भरियो । कोलकताका बायाँहाते ब्याट्सम्यान रिंकु सिंहले अन्तिम ओभरमा ३१ रन बटुल्दै रेकर्ड बनाएका छन् । आइपिएलको इतिहासमा अन्तिम ओभरमा लगातार पाँच बलमा छक्का प्रहार गर्ने उनी पहिलो ब्याट्सम्यान बनेका छन् । गुजरातले पहिलो ब्याटिङ गरी २० ओभरमा चार विकेटको क्षतिमा दुई सय चार रनको विशाल योगफल खडा गरेको थियो । प्रत्युत्तरमा कोलकताले २० ओभरमा सात विकेट गुमाएर दुई सय सात रन जोड्दै सनसनीपूर्ण जित निकाल्यो ।

कोलकतालाई अन्तिम ६ बलमा २९ रन आवश्यक थियो । कोलकताको जित असम्भवझैं थियो । क्रिजमा रिंकु र उमेश यादव थिए । गुजरातबाट जोस लिटल अन्तिम ओभर बलिङ गर्न आएका थिए । उमेशले १९.१ ओभरमा एक रन लिँदै रिंकुलाई स्ट्राइक दिए । त्यसपछि रिंकुले अविस्मरणीय खेल प्रस्तुत गरे । उनले जोसका लगातार पाँच बलमा छक्का प्रहार गर्दै कोलकतालाई एक समय असम्भवझैं देखिएको जित दिलाए ।

यसअघि सन् २०१२ मा रोयल च्यालेन्जर्स बेंग्लोरका क्रिस गेलले पुणेविरुद्ध १३औं ओभरमा राहुल शर्माविरुद्ध लगातार पाँच बलमा छक्का प्रहार गरेका थिए । कोलकता अन्तिम ओभरमा ३१ रन जोड्ने आइपिएलको पहिलो टोली बनेको छ । सन् २०१६ मा पुणेले पन्जाबविरुद्ध २३ रन जोडेको थियो । कोलकतालाई सानदार जित दिलाएका रिंकुले २१ बलमा एक चौका र ६ छक्का प्रहार गरी ४८ रन बनाए । उनी खेलकै म्यान अफ दी म्याच भए । रिंकु र उमेशबीच आठौं विकेटका लागि ३.३ ओभरमा ५२ रनको साझेदारी भएको थियो ।

कोलकताका लागि इयेरले ४० बलमा ४३ रन तथा कप्तान नितिश रानाले २९ बलमा ४५ रनको योगदान दिए । रिंकुको उत्कृष्ट ब्याटिङमा गुजरातका रसिद खानको ह्याट्रिक ओझेलमा पऱ्यो । कोलकताले ब्याटिङ गरेको इनिङ्समा खानले १६.१ ओभरमा एन्ड्रे रुसेल, १६.२ ओभरमा सुनील नारिन र १६.३ ओभरमा शार्दुललाई आउट गर्दै ह्याट्रिक लिएका थिए । आइपिएलमा ह्याट्रिक लिने रसिद २२औं बलर हुन् ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आय वर्ष २०७९/८० को आयकरको दोश्रो किस्ता वापतको कर तथा विवरण दाखिला गर्ने सम्बन्धी जरूरी सूचना

आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा (१) बमोजिम आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करदाताहरुले दफा ९५ बमोजिम कारोवारको अनुमानित करको विवरण र सो विवरण अनुसार तिर्नुपर्ने आय वर्ष २०७९/८० को वार्षिक आयकर रकमको दोश्रो किस्ता वापतको तीस प्रतिशत समेत गरी सत्तरी प्रतिशतले हुने रकम २०७९ चैत महिनाभित्र दाखिला गर्नु पर्ने कानूनी व्यवस्था भएकोले सो अनुसार म्याद भित्रै विवरण तथा कर दाखिला गर्नु हुन अनुरोध छ ।

हाल्यान्डलाई मेसी र रोनाल्डोसँग दाँज्दै

लन्डन/ म्याचेस्टर सिटीका प्रशिक्षक पेप ग्वार्डिओलाले स्ट्राइकर एर्लिङ हाल्यान्डलाई लियोनल मेसी र क्रिस्टियानो रोनाल्डोको स्तरसँग तुलना गरेका छन् । इंग्लिस प्रिमियर लिगमा शनिबार राति सिटीले साउथ ह्याम्पटनलाई ४-१ ले हरायो । सिटीको जितमा हाल्यान्डले आकर्षक दुई गोलको योगदान गरे । यही दुई गोलको तुलना गर्दै ग्वार्डिओलाले हाल्यान्डलाई वर्तमान समयकै दुई उत्कृष्ट फुटबलर मेसी र रोनाल्डोसँग ग्लार्डिओलाले तुलना गरेका हुन् ।

'प्रशिक्षणका क्रममा मैले मेसी र रोनाल्डोसँग एक दशक बिताएको छु, अहिले नर्वेका हाल्यान्ड त्यही स्तरमा छन्,' ग्वार्डिओलाले हाल्यान्डको प्रशंसा गर्दै भनेका छन् । अर्जेन्टिनालाई कतार फिफा विश्वकप जिताएका मेसी पेरिस सेन्ट जर्मेन (पिएसजी)मा आबद्ध छन् । रोनाल्डो साउदी प्रो क्लब अल नासेरमा छन् । ग्वार्डिओलाले बार्सिलोनामा रहँदा मेसीलाई प्रिय खेलाडीका रूपमा लिन्थे । स्पेनिस ला लिगामा रोनाल्डो सधैं मेसीका कट्टर प्रतिस्पर्धीका रूपमा रहन्थे ।

ग्वार्डिओलाले स्पेनमा रहँदा बार्सिलोनालाई च्याम्पियन्स लिग र ला लिगाको उपाधि जिताएका थिए । साउथ ह्याम्पटनविरुद्ध हाल्यान्डले दर्शनीय बाइसाइकल गोल गरेका थिए । २२ वर्षीय हाल्यान्ड चोटपछि शनिबार मैदानमा फर्किएका थिए । ज्याक ग्रिलिसको पासमा हाल्यान्डले एक्रोब्याटिक सट प्रहार गर्दै प्रिमियर लिगमा उत्कृष्ट पुनरागमनको संकेत गरे ।



जितपछि सिटी अझै आर्सनलभन्दा पाँच अंकले पछाडि छ । सिटी र आर्सनलले समान २९ खेल खेलेका छन् । आर्सनल ७२ अंकसहित शीर्ष स्थान र सिटी ६७ अंकसहित दोस्रो स्थानमा छ ।

Nepalgunj Sub-Metropolitan City Office
Nepalgunj, Banke
Lumbini Province, Nepal

Inivation for Bids

Notice No : NSMC/NCB/W10/079/80
Date Of Publication:- 2079-12-27 (2023-04-10 AD)

1. Nepalgunj Sub-Metropolitan City Office Nepalgunj, Banke invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competative Bidding Procedure.

S. No.	Contract ID. No	Description of Work	Estimated Amount (Without VAT, Contingency And PS) (NRs)	Bid Security Amount (NRs)	Bidding Document Fee (NRs)	Bid Vilidity / Bid Security validity period	Last Date And Time of Bid Sumission	Date And Place of Bid Opening
1.	NSMC/ NCB/ W10/ 079/80	Charbahini Dekhi RajatJayanti Park (TraficChouk) Road Maintainance Project	1,11,25,431.69	2,75,000.00	3,000.00	90 days/120 days from the last date of bid submission	2080/01/27BS (2023-05-10AD) 12:00 Noon	2080/01/27BS (2023-05-10AD) 2:00 PM NSMC Office

2. Account No. for Bid document Purchese

Bank	Office Name	Revenue Account Number	Office Code
Rastriya Banijya Bank Ltd	Nepalgunj Sub Metropolitan Office, Banke	Nepalgunj U.Ma.Na.Pa(Ga-1-1)-Antarik 4130100301010002	1126165

3. Eligible bidders may obtain further information from (www.bolpatra.gov.np.egp) Website of Public procurement monitoring Office (PPMO).

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com